
# लेखापरीक्षण प्रतिवेदन

## फाल्गुनन्द गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# फाल्गुनन्द गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/147

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
फाल्गुनन्द गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

## कैफियतसहितको राय

हामीले **फाल्गुनन्द गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९ करोड ६४ लाख ५४ पर्यटन पूर्वाधारको रु.९ करोड ६० लाख, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ८ लाख ४० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७७ लाख ६ हजार समेत गरी रु.१० करोड ५९ लाख ६० हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्व १५ करोड ८३ लाख, ७६ हजार लेखापरीक्षण गरिएकोमा रू. ५ करोड ३१ लाख २७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ५५ लाख २४ हजारको प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.७ लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५२ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १० लाख १६ हजार, सोधभर्ना नलिएको रु.१० लाख ३५ हजार र पेस्की बाँकी रु.११ हजार रहेको छ। गत वर्षसम्म रु.११ करोड ५६ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ४८ लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **फाल्गुनन्द गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार

हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवार **फाल्गुनन्द गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९४ | ८६ | ५,३१,२७,२७६ | ० | १५ | १,५५,२३,५०८ | ३,८२,७८८ | ९४ | ७१ | ३,७९,८६,५५६ | ७,१२,१९४ | २,१०,१५,६५० | १,५२,१२,५८६ | ० | १०,३५,००० | ३,७२,६३,२३६ | ११,१२५ |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | ११,५६,९३,००० | ० | १,८८,७९,९३२ | ९,६८,१३,०६८ | ० | ३,७९,८६,५५६ | १३,४७,९९,६२४ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५६ | दाखिला विवरण | १,९४,५५० |
| २ | २०७९/८० | ५२ | वढि भुक्तानी | २,८४,११६ |
| ३ | २०७९/८० | ३७ | प्राविधिक मुल्याङ्कनः | १,५०,००,००० |
| ४ | २०७९/८० | २० | पेश्की व्यवस्थापन | ३३,६५,४०७ |
| ५ | २०७९/८० | ६३ | पारिश्रमिक आय कर | ३५,८५७ |
| ६ | २०८०/८१ | ८० | जिन्सी दाखिलाः | ३,६६,७२० |
| ७ | २०८०/८१ | ३० | गाईपालन प्रबर्द्धन कार्यक्रमः | २८,३१,५९९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ८७.२ | सामाजिक सुरक्षाः | ३५,११,६४३ |
| ९ | २०८०/८१ | ३५.५ | साना सिँचाई योजना तर्फ | ८०,४२,८४७ |
| १० | २०८०/८१ | ६४.८ | शिक्षा तर्फः | ५२,३९३ |
| ११ | २०८०/८१ | ६९ | वितरण भरपाई नभएको : | १,७०,००० |
| १२ | २०८०/८१ | ५७ | मेलमिलापकर्ताहरुको पुनरताजगि तालिमः | ५१,००० |
| १३ | २०८०/८१ | ३६.३ | सिद्ध देवी माध्यमिक विद्यालय नमुना विद्यालय कार्यक्रम | ४,९७,३०६ |
| जम्मा | | | | ३,४४,०३,४४० |

# (८०१०२५०४३०० - फाल्गुनन्द गाउँपालिका, पाँचथर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा, १०७.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१२८९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१६ देखि २०८१ ।०५।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,१५,८३,७५,७३८.९० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,२२,५९७.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | रसिद नं ८०८१६९६ मिति २०८१।०६।०७ बाट विमा बापतको रकम असुल गरी बैंक दाखिला भएको प्रमाण प्राप्त | १९५०० |
| २ | रसिद नं ८०९९७४१ मिति २०८१।०६।०७ बाट रकम असुल गरी बैंक दाखिला भएको प्रमाण प्राप्त | ३२११२२ |
| ३ | कारोबार नं ११४२२०६७२ मिति २०८१।०६।२१ बाट रकम असुल गरी संचित कोषमा दाखिला भएको प्रमाण प्राप्त | १९५०० |
| ४ | कारोबार नं ११४२२११३ बाट रकम असुल गरी संचित कोषमा दाखिला भएको प्रमाण प्राप्त | ४४६२५ |
| ५ | कारोबार नं ११४२२१२९ बाट रकम असुल गरी संचित कोषमा दाखिला भएको प्रमाण प्राप्त | १७८५० |
| | **जम्मा** | **४,२२,५९७** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विरणको यथार्थता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा देहाएका बेहोराहरु निम्नानुसार छन् ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | म.ले.प.फा.नं. २७०-०१ |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,०३,२४,२४८.०७ | ० | ८,०३,२४,२४८.०७ | ५,७७,६२,४८३.७८ | ० | ५,७७,६२,४८३.७८ |
| १३००० | अनुदान | | ३९,१६,६७,५१६.२९ | ० | ३९,१६,६७,५१६.२९ | ४५,५५,४३,६८१.०२ | ० | ४५,५५,४३,६८१.०२ |
| १४००० | अन्य राजस्व | | २५,३६,४००.०८ | ० | २५,३६,४००.०८ | २३,८५,९३२.८५ | ० | २३,८५,९३२.८५ |
| १५००० | विविध प्राप्ति | | १६,०५,२१७.०० | ० | १६,०५,२१७.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४७,६१,३३,३८१.४४ | | ४७,६१,३३,३८१.४४ | ५१,५६,९२,०९७.६५ | | ५१,५६,९२,०९७.६५ |
| ३ | चालु | | ३४,६४,०३,२९१.३० | ० | ३४,६४,०३,२९१.३० | ३७,३६,५३,४५५.१३ | ० | ३७,३६,५३,४५५.१३ |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,८१,२४,७९५.९३ | ० | १८,८१,२४,७९५.९३ | २३,४८,९०,६१८.७० | ० | २३,४८,९०,६१८.७० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १५,०१,८५,८९३.३७ | ० | १५,०१,८५,८९३.३७ | १२,१८,७३,०९४.४३ | ० | १२,१८,७३,०९४.४३ |
| २३००० | स्थिर सम्पत्तिको उपभोग खर्च | | ० | ० | ० | ८९,८३७.०० | ० | ८९,८३७.०० |
| २५००० | सहायता (Subsidy) | | २७,४४,०२१.०० | ० | २७,४४,०२१.०० | ९३,७९,३२७.०० | ० | ९३,७९,३२७.०० |
| २६००० | अनुदान | | १,००,०००.०० | ० | १,००,०००.०० | ११,५९,०००.०० | ० | ११,५९,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | २९,४७,७७३.०० | ० | २९,४७,७७३.०० | ३०,२१,२२५.०० | ० | ३०,२१,२२५.०० |
| २८००० | अन्य खर्च | | २३,००,८०८.०० | ० | २३,००,८०८.०० | ३२,४०,३५३.०० | ० | ३२,४०,३५३.०० |
| ४ | पूंजीगत | | १२,१०,८९,७५९.०० | ० | १२,१०,८९,७५९.०० | १८,७७,०२,१८०.०१ | ० | १८,७७,०२,१८०.०१ |
| ३१११० | भवन तथा संरचना | | ३२,४५,३०६.०० | ० | ३२,४५,३०६.०० | २,१९,५०,५९९.०० | ० | २,१९,५०,५९९.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४०,६५,११६.०० | ० | ४०,६५,११६.०० | १,०४,२८,१५७.०० | ० | १,०४,२८,१५७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ३४,६४,६९६.०० | ० | ३४,६४,६९६.०० | १,२९,७६,९६५.०० | ० | १,२९,७६,९६५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,२९,८४,१६९.०० | ० | १०,२९,८४,१६९.०० | १४,०२,७२,२९९.०१ | ० | १४,०२,७२,२९९.०१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १२,९८,८६०.०० | ० | १२,९८,८६०.०० | १९,२४,१६०.०० | ० | १९,२४,१६०.०० |
| ३११७० | पूँजीगत सुधार | | ६०,३१,६१२.०० | ० | ६०,३१,६१२.०० | १,५०,०००.०० | ० | १,५०,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ख) | कुल जम्मा भुक्तानी | | ४६,७४,९३,०५०.३० | | ४६,७४,९३,०५०.३० | ५६,१३,५५,६३५.१४ | | ५६,१३,५५,६३५.१४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ८६,४०,३३१.१४ | | ८६,४०,३३१.१४ | (४,५६,६३,५३७.४९) | | (४,५६,६३,५३७.४९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | २८,२८,३३९.१५ | | २८,२८,३३९.१५ | (१,४१,८०,१३८.५०) | | (१,४१,८०,१३८.५०) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,१४,६८,६७०.२९ | | १,१४,६८,६७०.२९ | (५,९८,४३,६७५.९९) | | (५,९८,४३,६७५.९९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,४९,०८,६१२.६२ | | १,४९,०८,६१२.६२ | ७,४०,४३,४७८.६० | | ७,४०,४३,४७८.६० |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,६३,७७,२८२.९१ | | २,६३,७७,२८२.९१ | १,४१,९९,८०२.६१ | | १,४१,९९,८०२.६१ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,६४,५४,३०३।-, पर्यटन पूर्वाधार विकासमा रु.९,६०,०००।-,एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.८,४०,०००।-, एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम रु.७७,०६,१८१।- समेत गरी रु.१०,५९,६०,४८४।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनले (म.ले.प.फा.नं २७०-०१) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान

समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार रु. २,६३,७७,२८२।९१ र बैङ्क मौज्दात अनुसार रु. २,६२,१३,५००।९१ स्रेस्ता भन्दा बैंक मौज्दात रु. १,६३,७८२।०० घटी देखिएको छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने रु...

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|
| ग २.७ विविध खर्च खाता | ३७०९१४७।९८ | ३७०९१४७।९८ | ० |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ३८७०९६८।१७ | ३८७०९६८।१७ | ० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | १५५६१९५६।७६ | १५३९८१७४।७६ | १, ६३ , ७८२।० |
| ग ५.१ स्थानीय तह विविध कोष खाता | २३५६९६५ | २३५६९६५ | ० |
| ग ७.१ स्थानीय तह आकस्मिक कोष खाता | ३३९३१९ | ३३९३१९ | ० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५३८९२६ | ५३८९२६ | ० |
| | २, ६३ , ७७ , २८२।९१ | २, ६२ , १३ , ५००।९१ | १, ६३ , ७८२।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६३,७८२ |

२.३ **फरक जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। पालिकाले आफ्नो कारोबारको जिम्मेवारी गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १,४१,९९,८०२।६२मौज्दात रहेकोमा म. ले. प. फारम नं. २७०-०१ बमोजिम रु. १,४९,०८,६१२।६२जिम्मेवारी सारेकोले रु ७,०८,८०९।३८ बढी जिम्मेवारी सारेको देखियो। उक्त बढी जिम्मेवारी सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

| सि. न ( १ ) | लेखापरीक्षण प्रतिवेदन अनुसार | वित्तीय प्रतिवेदन अनुसार २७०- ०१ देखिएको जिम्मेबारी कोलममा ( ३ ) | वित्तीय प्रतिवेदन अनुसार २७०- ०१ अनुसार जिम्मेबारी कोलममा सारेको ( ४ ) | लेखापरीक्षण प्रतिवेदनको तुलनामा फरक जिम्मेबारी |
|---|---|---|---|---|
| | -२ | | | जिम्मेबारी ( ५ = २ - ४ ) |
| गत वर्षको जिम्मेवारी | १, ४१ , ९९ , ८०२।६२ | १, ४१ , ९९ , ८०२।६१ | १, ४९ , ०८ , ६१२।६२ | ७, ०८ , ८०९।३८ ( बढी जिम्मेबारी ) |

## ३ आन्तरिक नियन्त्रण प्रणालीः

यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छन्ः

३.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन,

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,

• सञ्चालित योजनाको फरफारक गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो,

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण शुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविधि खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारिण गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारिण गरेको छैन,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,

• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको देखिएन,

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन,

• सम्पुर्ण योजनाको नापी किताव रनिङ्ग विल अनुसार छुट्टाछुट्टै राखेको अद्यावधिक नापी किताव तयार गरेको देखिएन,

• उपभोक्ता समिति मार्फत संचालित अधिकांश योजनाको नापी किताव तथा कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको देखिएन,

• अधिकांश सामाग्री खरिदको सार्वजनिक खरिद नियमावलीको नियम ११५ बमोजिमको निरीक्षण तथा परीक्षण गरेको देखिएन,

• बीस लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु कार्यान्वयन गर्दा बीमा गराएको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने बेहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **आन्तरिक लेखापरीक्षणः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८०।८१ आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्त्यमा एकै पटक गरी प्रतिवेदन पेश गरेको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी तथा पदपुर्ति समेत रहेको देखिएकाले कानुनमा भएको व्यवस्था बमोजिमनै आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

३.३

**बेरुजु लगतः** पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरीएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको म.ले.प. फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

- म. ले. प. फाराम ८०१ –बेरुजु लगत नराखेको,
- म. ले. प. फाराम ८०२ –बेरुजुको कार्यालयगत प्रतिवेदन नराखेको,
- म. ले. प. फाराम ८०५ –सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

म. ले. प. फाराम अद्यावधिक नहुँदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

३.४ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गर्नुपर्दछ ।

३.५ **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको राजस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी सम्झौता गरेको देखियो। यसबाट पालिकाको आन्तरिक आय लेखाङ्कनका सम्बन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुनेगरी सुधार गर्नुपर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरीटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्बन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।
- प्रणाली फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ । पालिकाले यस सम्बन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकायलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

३.६ **धरौटी अभिलेख :** पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नुपर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपनि सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक

अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तीय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन । धरौटीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४ **खरिद अभिलेख:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरुसिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी ग ोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड १० लाख ८९ हजार पूँजीगत खर्चवाट खरिद तथा निर्माण कार्य गरेको छ। तर पालिकाले खरिद नियमावली बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

६ **बजेट तथा कार्यक्रमः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार

मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८०।०३।९ गते रु. ५४ करोड ९२ लाख ५० हजार ६ सय १६ रुपैयाको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

६.४ **रकमान्तर :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पुँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शीर्षकगत रुपमा एकमुष्ट रु.२,४४,५४,८८१।०० रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्नेतर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

६.५ **त्रैमासिक खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट शीर्षक | कुल खर्च | त्रैमासिक खर्च ( रकम रु . हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्च | १२१०९० | ४२३१ | २१४०८ | १५७२६ | ७९७२४ | ४२४२५ |
| खर्च प्रतिशत | १०० | ३.५ | १७.७ | १२.९८ | ६५.८४ | ३५.१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १२ करोड १० लाख ९० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ३.५ प्रतिशत, दोश्रो त्रैमासिकमा १७.७ प्रतिशत, तेश्रो त्रैमासिकमा १२.९८ प्रतिशत र चौथो त्रैमासिकमा ६५.८४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ३५.१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि. नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६७६६६००० | ५७२३५४१०.२५ | १२.२४ |
| २ | सामाजिक विकास | ३०६६१५०२१ | २७१५२२०३१.१४ | ५८.०८ |
| ३ | पूर्वाधार विकास | ६३४९६८४२ | ३९२५७८८६ | ८.३९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११६०२९६० | ८९६३१७७.८ | १.९२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९९८६९७९३.६२ | ९०५१४५४५.०१ | १९.३६ |
| कुल जम्मा | | ५४९२५०६१६.६२ | ४६७४९३०५०.३ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५८.०८ प्रतिशत पूर्वाधार विकासमा ८.३९ प्रतिशत, आर्थिक विकासमा १२.२४ प्रतिशत त्यस्तै सबै भन्दा कम सेवा प्रवाह, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.९२ प्रतिशत रहेको छ। सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

६.७ **योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ६० | ३५ | ३१ | ४ | ७ | १३७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १३७ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका १२६ अर्थात ९१.९७ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

७ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

| कार्यक्रम/ योजना | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|
| | शून्य प्रगती | २५% सम्म प्रगति | २५ देखी ५०% सम्म प्रगति | ५० देखी ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ४७ | ५ | ६ | १५ |

८ **सार्वजनिक सम्पत्ति संरक्षण तथा व्यवस्थापन**

पालिकाको सम्पत्ति संरक्षण, मर्मत संभार तथा अभिलेखिकरणका सम्वन्धमा देखिएका बेहोरा देहायमा उल्लेख छ ।

८.१ **सम्पत्ति संरक्षण :** पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन। साविक गा. वि. स. वाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । पाम्समा परीक्षण गर्दा केहि सम्पतिको मूल्य खुलेको देखिएन। कुल मुल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन गर्नुपर्ने देखिन्छ ।

८.२ **मर्मत संभार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नुपर्दछ ।

८.३ **जिन्सी अभिलेखिकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी असार मसान्त भित्र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन। अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन। अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ र तोकिए बमोजिम जिन्सी निरिक्षण गरी प्रतिवेदनको सुझाब बमोजिम कार्यान्वियन गर्नुपर्दछ ।

८.४ **जिन्सीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरूको मूल्य खुलाई नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णय अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाको कृषि, पशु, स्वास्थ्य शाखा तथा वडा कार्यालयबाट खरिद गरिएका खर्च भए जाने सामानहरू PAMS मा अभिलेखिकरण गरेको देखिएन । साथै पालिकाले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा समेत खर्च भएर जाने सामानहरूको खरिद तथा बर्षान्तमा रहेको मौज्दातको विषयमा उल्लेख गरेको देखिएन । जसबाट पालिकाको जिन्सीको वास्तविक विवरण यकिन हुन सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले तोकिए अनुसार खरिद गरिएका जिन्सीहरू PAMS मा दाखिला तथा माग फाराम अनुसार खर्चर जनाई विवरण अध्याविधक गर्नुपर्दछ ।

९ **राजस्व व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसारका छन्:

९.१ राजस्व लक्ष्य असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व संकेत नं. | राजस्व शिर्षक | अनुमान | राजस्व आम्दानी |
|---|---|---|---|
| ११३१३ | सम्पती कर | ३००००० | २६५.५ |
| ११३१४ | भुमिकर/मालपोत | ११५०००० | १८५७२६७.३५ |
| ११३१७ | वहाल कर | १३०००० | ३११५८७.४ |
| ११३१८ | वहाल विटौरी कर | १०००० | ० |
| ११४७९ | अन्य मनोरञ्जन कर | ४०००० | ६०० |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ५०००० | ० |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००००० | ६३७७५०.५ |
| ११६९१ | अन्य कर | ० | ९६८३६०.८७ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १००००० | १००० |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | ० | १००० |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | ३०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ६००० |
| १४२२१ | न्यायिक दस्तूर | ० | १६०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | २००० |
| १४२२४ | परीक्षा शुल्क | ० | ५७०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २३५०००० | ११३२४९.५ |
| १४२४२ | नक्सापास दस्तुर | ० | ६२८७४.६६ |
| १४२४३ | सिफारिश दस्तुर | ० | १७४३४४०.२५ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ३६५४०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५०००० | १३४५०० |
| १४२४९ | अन्य दस्तुर | ० | १००० |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १००००० | ८९७२५ |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | २००० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | २०००० | ० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०००० | ० |
| १४५२९ | अन्य राजस्व | ० | ० |
| १५१११ | बेरूजू | १३१५५९१ | १६०५२१७ |
| जम्मा | | ६८६५५९१ | ७९१०८३८.०३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

९.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६८९११४४१.३ | ७९१०८३८.०३ | १.६८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय राजस्व बाडफाँड र वित्तीय समानिकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९.३ **स्थानीय तहरूको विभाज्य कोष**– प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीको अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा यकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

९.४ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शीर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व स्रेस्ता तयार गर्नुपर्दछ।

९.५ **राजश्व दाखिलाः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन। पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम राजस्व दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९.६ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउनेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नु पर्दछ ।

**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शून्य रहेकोमा पालिकाको क्षेत्रभित्र

रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

१० **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा नियमावली, ६ वटा कार्यविधि, २५ निर्देशिका, ३ नर्म्स गरी जम्मा ४० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नु पर्दछ ।

११ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी १२ मध्ये यो बर्ष दर्ता भएको १८ समेत ३० मध्ये २१ वटा फर्स्यौट भई ९ वटा फर्स्यौट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फर्स्यौट गरी प्रभावकारी न्याय सम्पादनमा ध्यान दिनुपर्दछ ।

१२ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्यविधि नबनाई गाउँकार्यपालिकाको निर्णयको आधारमा विभिन्न विपन्न तथा असहाय ब्यक्तिहरुलाई उपचार आर्थिक सहायतामा रु. २६,९९,५००।०० र प्रकोप व्यवस्थापन अन्तरगत पहिरो तथा आगलागि पिडितहरुलाई रु. २३,४१,४१३।०० गरि कूल रु. ५,०४,०९१३।०० खर्च लेखेको छ। पालिकाले गम्भिर परिस्थिति पहिरो तथा आगलागि पिडित बाहेक अन्य व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।.

१३ **पर्व महोत्सवः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट पर्व महोत्सव तथा दिवस मनाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न दिवसहरु, मेला, महोत्सव लगायतमा रु ६,८०,०००।०० खर्च गरेको देखिन्छ। यस प्रकारको अनुत्पादक

खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **कर्मचारी करारः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ५८ जना कर्मचारीहरु करारमा राखि रु. ३,४९,८९,४२७.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद र प्राविधिक पद बहेक ३५- जना करार नियुक्ति गरि वर्षभरि रु. १,५०,४२,२४९। ०० खर्च लेखेको छ। पालिकाले स्थायी पदपूर्ति गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

१५ **तलवी प्रतिवेदनः**

निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी रु ८६,२१,३०१।०० भुक्तानी भएको छ। यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गर्दा तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

१६ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐनको दफा ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु. ५,००,०००।०० ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानुन अनुसार उपदानकोष तयार गरी दीर्घकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नुपर्दछ।

१७ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ३५,५०,५८४।०० खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा सो गरेको देखिएन । जसले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुका साथै खाना/खाजा खर्चको प्रयोजन खुल्ने गरी खर्च लेख्नु पर्दछ।

१८ **अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष दैनिक भ्रमण र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु.३६,३२,८१९.०० खर्च गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका वेहोराहरु देहायमा उल्लेख छ।

- विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

- अधिकांश भ्रमण खर्चमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन। यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मूल्याङ्कन गर्न सक्ने देखिएन। साथै भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको, खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्देश्य बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

१९ **सवारी मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकले सावारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु. ४६,८५,२६७।००(कन्टेन्जेन्सी बाहेक) खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र मर्मत आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ अद्यावधिक गरेको छैन। सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । साथै एक लाखभन्दा बढीको मर्मत कार्य सार्वजनिक खरिद ऐन नियम बमोजिम नगरी सिधै खरिद गरेको देखियो। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिनुका साथै खरिद विधिको पालना गरेको पाईएन। खरिद विधिको पालना गर्दै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२० **इन्धन खर्चः**

कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष इन्धन रु.३५,८१,४८०।०० (कन्टेन्जेन्सी बहेक) खर्च लेखेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२१ **विज्ञापन वोर्ड कोष खाता कट्टीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेषित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नुपर्दछ ।

२२ **मसलन्द तथा कार्यालय सामग्री खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा यस वर्ष रु.१६,५३,०३९.०० खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ट विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

२३ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.२६,३१,१७२।०० खर्च गरेको छ । यस्तो खर्च लेख्दा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२४ **ब्याक्होलोडर संचालन खर्च र आम्दानी**

पालिकामा रहेको ब्याक्हो लोडर, ट्याक्टर मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.३२,११,१५८.०० खर्च गरेकोमा उक्त मेसिन भाडामा लगाएबापत कार्यालयले आम्दानी गरेको अभिलेख देखिएन । पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भई के कति रकम बचत भयो सोको अभिलेख समेत राखेको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुनेगरी खर्च गर्नुपर्दछ।

| साधन | ईन्धन | मर्मत | चालक | जम्मा रकम | आम्दानी |
|---|---|---|---|---|---|
| ब्याकहो लोडर | १७, ८५ , ८६८ | १०, ७१ , ६१८ | ३, ५४ , ०३२ | ३२, ११ , १५८ | अभिलेख नभएको |

२५ **बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले कर्मचारी बैठक भत्तामा रु.९,५२,५५०।००, र पदाधिकारी बैठक भत्तामा रु.११,९९,१५०।०० समेत रु. २१,५१,७००।०० खर्च लेखेको देखियो । पालिकाले विशेष कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

२६ **पदाधिकारी सुविधाः**

कोशि प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई यातायात सुविधा रु.१०,३८,०००।००, टेलिफोन तथा मोवाइल रु.६,२४,०००।००, पत्रपत्रिका तथा इन्टरनेट रु.४,८०,०००।००, अतिथि सत्कार रु.१०,६२,०००।००, खाजा खर्च रु.८,९४,०००।००, अनुगमन खर्च रु. ७,२०,०००।००, खानेपानी तथा बिजुली रु. ३,१८,०००।००, सरसफाई तथा मर्मत खर्च रु.२,१६,०००।०० र दशै भत्ता रु.३,८०,०००।०० गरी कूल रु. ५७,३२,०००।०० भुक्तानी गरेको छ। सोही ऐनको अनुसूची १(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ। पालिकाले अनुगमन प्रतिवेदन नराखी खर्च लेखेकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

२७ **पदाधिकारी संचार, यातायात, विविध र अनुगमनः**

कोशि प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा पदाधिकारीलाई अनुगमन, संचार तथा यातायात वापतको सुविधा मासिक रुपमा भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले सोही

ऐन अनुरुप पदाधिकारी सुविधा मासिक रुपमा भुक्तानी गरेतापनि विभिन्न कार्यक्रममा अनुगमन गरेको भनि निम्न पदाधिकारीलाई थप अनुगमन, संचार तथा यातायात भत्ता वापत रु. ३४,६००।०० भुक्तानी गरेको छ। यसरी ऐनमा व्यवस्था भएको भन्दा दोहोरो भुक्तानी गरेको रकम सम्बन्धितसंग असुल गर्नुपर्दछ रु.

| **भौ. नं . मिति** | **पदाधिकारीको नाम** | **संख्या** | **कार्यक्रम** | **कर बाहेक जम्मा रु** |
|---|---|---|---|---|
| ७८७- ०८०।१२।४ | बृजहाङ आङदेम्बे | ३ | मेलमिलाप सहजकर्ताको पुनःताजगि | २५५० |
| ७८७- ०८०।१२।४ | ठाकुर सिंह नेम्वाङ | ३ | मेलमिलाप सहजकर्ताको पुनःताजगि | २५५० |
| ८२४- ०८०।१२।२७ | बृजहाङ आङदेम्बे | २ | कम्पोप्ट मल बनाउने तालिम | १७०० |
| ८२४- ०८०।१२।२७ | ठाकुर सिंह नेम्वाङ | २ | कम्पोप्ट मल बनाउने तालिम | १७०० |
| ९६५- ०८१।१।२५ | बृजहाङ आङदेम्बे | २ | बेमौषमि तरकारी खेती तालिम | १७०० |
| ९६५- ०८१।१।२५ | ठाकुर सिंह नेम्वाङ | २ | बेमौषमि तरकारी खेती तालिम | १७०० |
| ९८८- ०८१।२।४ | बृजहाङ आङदेम्बे | ४ | लम्पी खोप | ३४०० |
| ९८८- ०८१।२।४ | ठाकुर सिंह नेम्वाङ | ४ | लम्पी खोप | ३४०० |
| ४३८- ०८०।६।३० | ठाकुर सिंह नेम्वाङ | | ईन्टरनेट खर्च | १५९०० |
| | **जम्मा** | | | **३४,६००** |

| असुल गर्नुपर्ने | ३४,६०० |
|---|---|

२८ **अवास खर्चः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार गाउँपालिकाको पादाधिकारीहरुलाई मासिक रुपमा अनुसूची १(क) मा उल्लेख भएको सुविधा अनुसार भुक्तानी हुने उल्लेख छ। नमुना छनौटको रुपमा लेखापरीक्षण गर्दा पालिकाले गाउँपालिका अध्यक्ष बृजहाङ आङदेम्बेको अवास प्रयोजनको लागि यस वर्ष रु. १५०२२३।- खर्च लेखेको छ। अन्य पदाधिकारीको हकमा पालिकाले यकिन गरी असुल गर्नुपर्दछ। यसरी ऐनमा उल्लेख नभएको सुविधा वापतको रकम सम्बन्धितसंग असुल गर्नुपर्दछ रु.

| भौ नं मिति | बस्नेको नाम | मासिक भाडा | घर धनि | वर्षभरी रु | कैफियत |
|---|---|---|---|---|---|
| ५४४-०८०/०८/२५ | बृजहाङ आङदेम्बे | १३२०० | हरि राम नेम्बाङ | ६६००० | |
| ७५५-०८०/११/२२ | बृजहाङ आङदेम्बे | १३२०० | हरि राम नेम्बाङ | २६४०० | |
| १३८०-०८१/०३/२१ | बृजहाङ आङदेम्बे | १३२०० | हरि राम नेम्बाङ | ५७८२३ | -८१७७ अपुग रकम |
| कुल जम्मा | | | | १५०२२३ | |

| असुल गर्नुपर्ने | १,५०,२२३ |
|---|---|

२९ **कोदो प्रवर्द्धन कार्यक्रमः**

आर्थिक वर्ष २०८०।८१। प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण मार्फत शसर्त अनुदान कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शनको बुदा नं. १६ मा कोदो खेति प्रबर्द्धन कार्यक्रम अन्तरगत प्रति किसान न्यूनतम २ रोपनीको दरले २० रोपनीको क्लास्टरमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। साथै उक्त मार्गदर्शनको शर्त नं. ७ मा कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन नियमको पालना गर्नुपर्ने उल्लेख छ । पालिकाले कोदो खेती प्रबर्द्धनकालागि बुद्ध एग्रोभेटबाट उन्नत जातको बिउ, हंसिया र फरुवा खरिद गरी रु. १,३४,४५०।- भुक्तानी दिएको छ त्यसैगरी गडसन भेट फर्माबाट ७ थान मल्टि क्रप थ्रेसर खरिद

गरी रु० ५,११,०००।– गरी जम्मा रु.६,४५,४५०।- भुक्तानी दिएको छ। उक्त खरिद भएको सामाग्रीहरु पारिजात कृषि सहकारी र अन्नपूर्ण कृषक समूहलाई हस्तान्तरण गरेकोमा मार्गदर्शनले तोकेको प्रतिकिसान न्यूनतम २ रोपनीको दरले २० रोपनीको क्लास्टर भए नभएको सम्बन्धमा कुनै कागजात पेश भएन। साथै सबैको पहुँच हुनेगरी सूचना प्रकाशन र मार्गदशनले तोकिएको मापदण्डको आधारमा कृषक समूह छनौट भएको यकिन भएन । मार्गदर्शनले तोकेको प्रतिकिसान न्यूनतम २ रोपनीको दरले २० रोपनीको क्लाष्टर भए नभएको सम्बन्धमा प्रमाण तथा पुष्ट्याई पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४५,४५० |

३० **गाईपालन प्रबर्द्धन कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२,८३१,५९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१ **कृषि तथा पशुतर्फः**

३१.१ पालिकाले आ.व २०७९।८० मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम अनुदान वितरण कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन्ः

| भौ नं मिति | अनुदानको विवरण | रकम |
|---|---|---|
| ११२४- २०८१।२।२९ | सुके पोखरी कृषि फर्म कम्पनीलाई किवी विरुवा खरिद अनुदान | १००००० |
| ११५८- २०८१।३।५ | फाल्गुनन्द जडिबुटि कृषि सहकारी संस्थालाई जडिबुटिको विरुवा खरिद अनुदान | ५०००० |
| ९९०- २०८१।२।४ | पशुपन्छी सुत्केरी स्याहार क्यालसियम वितरण निशुल्क | ९९८२० |
| | २३ थान काउ म्याट वितरण निशुल्क | १९७८०० |
| | उन्नत जातको घाँसको विउ वितरण निशुल्क | १९०००० |
| १४१४- २०८१।३।२२ | ६ जना कृषकलाई गोठ सुधार कार्यक्रम ५० प्रतिशत अनुदान | |
| ३३७- २०८१।३।२० | उन्नत जातको विउ गोरु खरिद १ वटा मोहन सावित्रा बहुउद्देशिय सहकारी फर्मलाई अनुदान १०० प्रतिशत | ९९५०० |
| १४००- २०८१।३।२२ | उन्नत जातको विउ गोरु खरिद १ वटा | ९१००० |
| ११७२- २०८१।३।७ | मिनि टिलर ८ पिस खरिद ७५ प्रतिशत अनुदान ८ जना कृषकलाई वितरण | ३६०००० |
| १३५७- २०८१।३।२० | फलफूल विरुवा वितरण निशुल्क सबै वडामा | १९९५०० |
| १३६८- २०८१।३।२० | कृषि विषादि वितरण निशुल्क | ५०००० |
| ७९९- २०८१।१२।६ | मलचिङ प्लास्टिक वितरण २०५ रोल सबै वडामा निशुल्क | ४७१४९८ |
| ८९५- २०८१।१।१० | मकैको विउ वितरण निशुल्क | ९९४०० |
| १३४६- २०८१।३।१९ | कृषि उन्नत विउ वितरण निशुल्क | ५०००० |
| ६२९- २०८०।९।२३ | गोठ सुधार ७५ प्रतिशत अनुदान ४ जनाको | ८०००० |

३१.२ **अनुदानको उपयोग** : सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि भए/नभएको सम्वन्धमा अनुगमन हुनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ,

प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन यकिन गर्न सक्ने गरी अनुगमन मूल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

३१.३ **अन्य व्यहोराहरु** :

· कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

· आवश्यकता पहिचान तथा लाभ लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन।

· कृषि सामाग्रीहरु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

· खरिद भएका पशुहरुको बीमा गराएको देखिएन।

· सूचना प्रकाशन तथा कृषक छनौट प्रकृया सबैको पहुँचयोग्य हुनुपर्दछ।

· अनुदान वितरण कार्य निश्चित कार्यविधि तथा मापदण्डको आधारमा हुनुपर्दछ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

३१.४ **टनेल निर्माणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ मा सरकारी रकम खर्च गर्दा उच्चतम प्रतिफल प्राप्त हुनेगरी मित्तव्ययी ढंगले खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाको आफ्नै स्वामित्वमा रहेको जग्गामा ५ वटा टनेल निर्माण गरी रु. ३,००,०००।०० खर्च लेखेको र उक्त टनेलमा तमाटर खेती गरी उत्पादन पनि शुरुभएको पालिकाले जनाएको छ। पालिकाले उक्त टनेलबाट २२२.५ के. जी. टमाटर प्रति के. जी. ५० का दरले विक्री गरी रु. ११,१२५ आम्दानी गरेको देखिन्छ। तर पालिकाले उक्त रकम राजस्व दाखिला गरेको देखिएन। साथै पालिकाले उक्त टनेल निर्माण गर्नुको औचित्य पुष्टी भएन। पालिकाले यथाशिघ्र राजस्व दाखिला गर्नुपर्दछ रु.

| | |
|---|---|
| पेश्की | ११,१२५ |

३१.५ **कृषक प्रोत्साहनः** पालिकाले कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० तर्जुमा गरि यस वर्ष ५० मुरी भन्दा बढी धान फलाउने कृषकलाई रु. ३०,०००।०० र ५० देखी १०० मुरी धान फलाउनेलाई रु. ५०,०००।०० सम्म पुरस्कार वितरण गरेको छ। पालिकाले यस वर्ष कार्यविधिले तोकेको मापदण्ड पुरा गर्ने २९ जना कृषकलाई रु. ९,१०,०००।०० नगद पुरस्कार वितरण गरेको छ। कृषकलाई प्रोत्साहन गर्ने योजना कार्यन्वयन गर्न पालिकाको आफ्नो आन्तरिक आय एकदमै न्यून रहेको र यस्तो योजनाले पालिकाको दिर्घकालिन रुपमा व्ययभर थपिने हुँदा उक्त कार्यविधि कार्यान्वयनमा जटिलता सृजना हुने भएकोले पालिकाले आन्तरिक आयको स्रोत तथा दायरा फराकिलो बनाउदै आन्तरिक राजस्व बृद्धि गर्नुपर्ने देखिन्छ।

३२ **हेभी इक्विपमेण्टको प्रयोग तथा निर्माण व्यावसायीबाट कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवा मामितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता मार्फत

सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रम मुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। उपभोक्ता समितिले हेभि इक्वीपमेन्टको प्रयोग गरेको तथा निर्माण व्यावसायी प्रयोग गरी निर्माण कार्य गरेको कार्यका केही उदाहरण देहाय वमोजिम रहेका छन।

| गो. भौ. नं. / मिति | उ.स.को नाम | कार्य विवरण | निर्माणव्यवसायीको नाम | जम्मामूल्याङ्कन रकम |
|---|---|---|---|---|
| २५८-२०८१।२।३१ | देउरालीचिहानडाडापात्ले सडक मर्मत उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | सिंगरनिर्माण सेवा प्रा. लि. | २३८४०२ |
| २५०-२०८०।१२।२४ | अमरनेम्बाङ खेलमैदान स्तरोन्नती उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | गौडेनीनिर्माण सेवा प्रा. लि. | २१३३६५ |
| २३७-२०८१।२।२१ | थेमागुडाँडा याङसिबुङ हुदै बरबोटे ज्योती जानेबाटो स्तरोन्नति उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | एल. एम.बि. निर्माण सेवा | ५९५१४८ |
| १८४-२०८१।१।२५ | सखेवाखेलमैदान स्तरोन्नती उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | एल. एम.बी. निर्माण सेवा | ४२८६९१ |
| १५०-२०८१।१।१२ | लुङलेवाफास्ट ट्याक स्तरोन्नती उ. स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | छालासुकुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २७९६५३ |
| १०९-२०८०।१२।२२ | मौलोबुङरिकुटे टोल सडक मर्मत उ. स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | एल. एम.बी. निर्माण सेवा | २१७०६३ |
| ९९-२०८०।१२।२० | नेरप्रसादको घर हुदै सुब्बा गाउँ मो. बा. स्तरोन्नती उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | एल. एम.बी. निर्माण सेवा | १६२९८२ |
| ३९५-२०८१।३।२४ | फाक्तेपपञ्चमी कोप्चे नागेम्बा सुम्बोबाम सडक स्तरोन्नती उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | एल. एम.बी. निर्माण सेवा | ४०८४३८ |
| ३५५-२०८१।३।२३ | पि.वाई.सि.खेलमैदान स्तरोन्नती फाक्तेप युथ कल्व उ.स. | माटो कटिङ लगायतको कार्यमा हेभि इक्वीपमेन्टको प्रयोग | गौडेनीनिर्माण सेवा प्रा. लि. | ३३१२६९ |

## ३३ जस्तापाता खरिद तथा वितरण र मौज्दात

पालिका अन्तर्गतका वडा नं १ देखि वडा नं ७ सम्मका सबै वडामा जनता आवास कार्यक्रम अन्तर्गत जस्तापाता वितरण गर्न यस वर्ष पालिकाले रु.२७,२९,४०२।- खर्च जनाएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

३३.१ **लाभग्राही छनौटको मापदण्ड :** पालिकाले जस्ता पाता तथा पाइप वितरण सम्बन्धी मापदण्ड २०८१ तयार गरी वडाको मागको आधारमा तथा पालिकाको समेत कार्यक्रम थप गरी बोलपत्र तथा सोझै खरिद मार्फत यस रु. २७,२९,४०२।- को जस्तापाता खरिद गरेको देखियो। उक्त खरिद कार्य गर्नु अघि स्थानीय लाभग्राहीको पहिचान गरी सोही आधारमा लाभग्राही छनौट गरेको पाइएन । लाभग्राही छनौट मापदण्डमा आर्थिक रुपले पछाडी परेका घर परिवार तथा लाभग्राहीलाई प्राथमिकता दिने भने पनि सो मापनको स्पष्ट सूचक तयार गरेको छैन ।उल्लेखित मापदण्ड अनुसार जस्तापाता वितरण गर्दा आर्थिक रुपले सम्पन्न र पहुँचका आधारमा वितरण हुन सक्ने देखिन्छ।लाभग्राही छनौटको मापदण्ड संशोधन गरी अनुदान वितरण गर्न आवश्यक भएका, अन्य स्थानमा कतै घर जग्गा नभएका,बसाँइसराई गरी अन्यन्त्र नगएका र आर्थिक रुपले विपन्न परिवारलाई समेटेर आवश्यकता आधारित अनुदान वितरणको मापदण्ड तय गरिनु पर्दछ।

३३.२ **लागत अनुमान तथा प्राविधिक नापजाँच** : पालिकाले छनौट गरेका वडा नं १ देखि वडा नं ७ सम्मका ५८ घर धुरीका लाभग्राहीलाई २०९ बण्डल जस्तापाता वितरण गरेको देखियो । उक्त घरधुरीमा कति परिमाणमा जस्तापाता आवश्यक पर्ने हो सोको अध्यावधिक तथ्याङ्क तयार गरी लागत अनुमान तयार गरेको देखिएन ।त्यस्तै खपत भएको जस्तापाताको प्राविधिक नापजाँच र सम्पन्न भएको फोटो संलग्न गरेको देखिए पनि उल्लेखित कार्य मध्ये पालिकाको अनुदान प्राप्त र लाभग्राही आफैले खरिद गरी जडान गरेको परिणाम समेतको प्राविधिक नापजाँचमा समावेश गरेको देखिएन ।एकै पटक लाभग्राहीले समेत खरिद गरी लगाएको भए सो समेत प्राविधिक प्रतिवेदनमा समावेश गरिनु पर्दछ ।

३३.३ **वितरण नगरी मौज्दात रहेको जस्तापाता :** पालिका अन्तर्गतका ७ वटै वडाका लाभग्राहीलाई वितरण गर्न खरिद गरिएका २६३ बण्डल जस्तापाता मध्ये २०९ बण्डल रु.२१,७१,९७३ मूल्यका जस्तापाता वितरण गरेको भरपाई पेश गरेको देखियो । त्यस्तै वडा नं वडा नं १ र २ तथा गाउँपालिकामा गरी ५४ बण्डल विभिन्न साइजका देहायअनुसार रु.५,५७,४२९।- मूल्यका जस्तापाता वितरण नगरी बाँकी देखाएको छ । उक्त जस्तापाताको वितरणको प्राविधिक नापजाँच सहितको मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्ने रु.

| वडा तथा पालिका | मौज्दात | मूल्य | वितरित जस्तापाता |
|---|---|---|---|
| १ | १३ | १३५१४८ | ० |
| २ | ६ | ६२३७६ | ० |
| गाउँपालिका | ३५ | ३५९९०५ | २१७१९७३ |
| **जम्मा** | | **५५७४२९** | **२१७१९७३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,७१,९७३ |

३३.४ **कार्यक्रममा दोहोरापना नभएको सुनिश्चितता :** यस किसिमका कार्यक्रम संघ तथा प्रदेश सरकारका जनता आवास कार्यक्रम तथा सुरक्षित नागरिक आवास कार्यक्रम र खरको छाना विस्थापन सम्बन्धी कार्यक्रम विभिन्न निकायबाट हुँदै आएकोमा यस पालिकाले समेत यस वर्ष जम्मा २०९ बण्डल विभिन्न घरधुरीलाई जस्तापाता वितरण गरेको जनाएको छ।यस वर्ष वितरण गरेको जस्तापाता प्राप्त गर्ने लाभग्राहीले अन्य निकायबाट सोही प्रकारको अनुदान प्राप्त गरे नगरेको तथा विगत वर्षमा अनुदान उपयोग गरे नगरेको सम्बन्धमा विश्वस्त हुने आधार देखिएन ।अन्य सरकारी निकायसँग समेत समन्वय गरी कार्यक्रममा दोहोरोपना नहुने गरी सञ्चालन गरिनु पर्दछ ।

## ३४ उपभोक्ताको घटी लागत सहभागिता

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(४) मा लागत अनुमानमा रहेको जनसहभागिताको अंश लगायतका कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। त्यस्तै फाल्गुनन्द गाउँपालिको मिति २०८०।०३।०५र ६ गते सभाको निर्णयमा नयाँ सडक निर्माण तथा स्तरोन्नती, खेल मैदान निर्माण, गोरेटो बाटो निर्माण कार्यमा घटीमा १५ प्रतिशत जनसहभागित गराउने उल्लेख छ । पालिकाले यस वर्ष २०८०।०८१ मा कार्यान्वयन गरेका योजनाको नमुना छनौट गरी परीक्षण गर्दा सभाको निर्णय भन्दा घटी जनसहभागिता गराई देहायका योजनाहरुमा उपभोक्ता समितिलाई रु.१,३६,९९३।- बढी भुक्तानी गरेको देखिएकाले नियमानुसार सम्बन्धित उपभोक्ता समितिबाट असुल गरिनुपर्ने रु...

| गो. भ. नं. /मिति | उ.स.को नाम | जम्मा मुल्याङ्कन रकम | कर कट्टी पछि भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम रु . | बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|
| २५८- २०८१।२।३१ | देउराली चिहानडाडापात्ले सडक मर्मत उ.स. | २३८४०२ | २०००९९ | २११५३८ | ११४३८ |
| २५०-२०८०।१२।२४ | अमर नेम्बाङ खेलमैदान स्तरोन्नती उ.स. | २१३३६५ | १७८८९५ | १८९५३५ | १०६३९ |
| २४८-२०८१।२।२४ | साविक फाक्तेप ५ पुच्छेबुङ देखि बन्दै गरेको गा. पा. जाने सडक स्तरोन्नति उ.स. | ३३०६०५ | २७७२८७ | २८४२७२ | ६९८४ |
| २३७-२०८१।२।२१ | थेमागु डाँडा याङसिबुङ हुदै बरबोटे ज्योती जाने बाटो स्तरोन्नती उ.स. | ५९५१४८ | ४९९१९० | ५२०३५४ | २११६३ |
| १८४-२०८१।१।२५ | सखेवा खेलमैदान स्तरोन्नति उ.स. | ४२८६९१ | ३६०९०२ | ३८०५१५ | १९६१२ |
| १०९-२०८०।१२।२२ | मौलोबुङ रिकुटे टोल सडक मर्मत उ. स. | २१७०६३ | १८२०११ | १८७५०८ | ५४९६ |
| ९९-२०८०।१२।२० | नेर प्रसादको घर हुदै सुब्बा गाउँ मो. बा. स्तरोन्नती उ.स. | १६२९८२ | १३६६३७ | १४१३३५ | ४६९७ |
| ३९५-२०८१।३।२४ | फाक्तेप पञ्चमी कोप्चे नागेम्बा सुम्बोबाम सडक स्तरोन्नती उ.स. | ४०८४३८ | ३४२९२१ | ३५९६७६ | १६७५४ |
| ३५५-२०८१।३।२३ | पि.वाई.सि. खेलमैदान स्तरोन्नती फाक्तेप युथ कल्व उ.स. | ३३१२६९ | २७७१८० | २८३६०२ | ६४२१ |
| ३२३-२०८१।३।१९ | ईम्बुङ देखि फेन्जे दोभान सडक स्तरोन्नती उ.स. | ४३२६३२ | ३६३१६४ | ३७४६९७ | ११५३२ |
| ३०१-२०८१।३।१७ | वसागु देखि पिपलबोटे जाने सडक निर्माण उ.स. | ५४४५३७ | ४५७३३९ | ४७२४८२ | १५१४२ |
| ९४-२०८०।१२।०९ | ३/६ वडा जोड्ने मोटरबाटो स्तरोन्नती उ. स. | २०३९७१ | १७११७८ | १७८२८२ | ७१०३ |
| जम्मा | | | | | १३६९८१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,९८१ |

३५ **साना सिँचाई योजना तर्फ**

नेपाल सरकार र स्वीस सरकार विकास सहयोग एसडीसी विच साझेदारी २०७७ श्रावण १ देखि २०८१ पौष १६ सम्म साना सिंचाइ दोस्रो चरणको कार्यान्वियन गर्ने गरी साझेदारी पत्रमा हस्तक्षर भएको देखियो । उक्त कार्यक्रमको प्रोग्राम डकुमेण्टको ७.२ मा डिटेल फाइनान्सियल प्लान उल्लेख छ।सम्झौतामा उल्लेखित फाइनान्सियल प्लान अनुसार लागत साझेदारी : क्रमश स्वीस सरकार विकास सहयोग एसडीसीले ३० प्रतिशत, संघीय सरकार २० प्रतिशत, प्रदेश सरकार २० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारी रहने गरी आयोजना कार्यान्वियन गर्ने उल्लेख छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार उल्लेख छन् :

३५.१

गाँउपालिकाले गत वर्षका क्रमागत ६ योजना समेत १२ योजना सञ्चालन गरी रु.५करोड ६१ लाख ३० हजार खर्च गरेकोमा उपभोक्ता समिति व्यवस्थापन खर्च रु.७ लाख ११ हजार स्थानीय तह व्यवस्थापन खर्च रु.३ लाख ३ हजार र टुल्स इक्यूमेण्ट तथा बीमा वापतको खर्च रु.१० लाख ७० हजार खर्च गरेको देखियो ।

३५.२ **स्रोतगत खर्च** : पालिकाले साना सिचाई योजनाहरुको भुक्तानी गर्दा श्रोतगत खर्च अनुपात मिलाई खर्च गर्नुपर्दछ। जसअनुसार सम्वन्धित योजना संघ सरकारको श्रोतवाट ५०(वैदेशिक सहयोग समेत) प्रतिशत, प्रदेश सरकार २० प्रतिशत र स्थानीय तहवाट २० प्रतिशत तथा उपभोक्ता समिति समेतले १० प्रतिशत अंश व्यहोर्नुपर्ने देखिन्छ। देहाय वमोजिमका १२ योजनामा यो बर्ष रु.५ करोड ६१ लाख ३० हजार भुक्तानी गर्दा स्थानीय श्रोतवाट व्यहोर्नुपर्ने २० प्रतिशत अंश भन्दा बढी देखिएको । संघीय सरकार तथा स्वीस विकास नियोग र प्रदेश सरकारबाट घटी साझेदारी देखिएको छ । विगतमा गाउँपालिकाबाट घटी लागत साझेदारी भएको कारण यस वर्ष रु.४८ लाख ४३ हजार लागत साझेदारी गरेको पालिकाको भनाइ रहेता पनि सो को विवरण पेश भएको छैन।उक्त स्रोत मिलान भएको अध्यावधिक विवरण तयार गरी परियोजना बिकास सम्झौता अनुसार स्वीस विकास नियोग , संघीय सरकार र प्रदेश सरकारबाट रु.४८४३०३०।- सोधभर्ना लिएको प्रमाण पेश गर्नुपर्ने रु..

| सि. नं | विवरण | अनुपात | हुनेपर्ने खर्च | भएको खर्च | बढी / घटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका तर्फ | २० प्रतिशत | १,२४,७२,२८५ | १,७३,१५,३१६ | ४८,४३,०३० | बढी लागत साझेदारी |
| २ | स्वीस विकास नियोग र संघीय सरकार | ५० प्रतिशत | ३११,८६,३२५ | २,६३,७३,६२८ | (४८,१२,६९७) | घटी लागत साझेदारी |
| ३ | प्रदेश सरकार | २० प्रतिशत | १,२४,७२,२८५ | १,२४,४१,९५२ | (३०,३३३) | घटी लागत साझेदारी |
| जम्मा | | | ५,६१,३०,८९६ | ५,६१,३८,८९६ | (४८,४३,०३०) | |
| | | | | | | बढी लागत साझेदारी |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,४३,०३० |

३५.३ **अग्रिम आयकर घटी कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा ५० लाख भन्दा बढीको उपभोक्ता समितलाई भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नु पर्ने व्यवस्था छ।पालिकाले देहायका उपभोक्ता समितिलाई भुक्तानी गर्दा घटी कर कट्टी गरेको देखिएकाले निम्न अनुसारको अग्रिम आयकर रु.१,४७,९७५।- सम्बन्धित जल उपभोक्ता संस्थाबाट असुल हुनु पर्ने रु..

| जल उपभोक्ता संस्थाको नाम | सम्झौतारकम | जम्मामूल्याङ्कन रकम | १.५ %कर रकम | जम्माकट्टीको रकम | घटीकर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| धनबिरेसिँचाई योजना | ५७७७९८२ | ५७१८९५० | ८५७८४ | ७०४७१ | १५३१३ | यसवर्षको |
| सारतापदोस्रो सिँचाई योजना | ८७२२४४९ | ८५८४४५५ | १२८७६७ | ११२७२३ | १६०४४ | क्रमागत |
| पेवालिछेमाथिल्लो सिँचाई योजना | ६७०८५०५ | ६१६२७२६ | ९२४४१ | ८२४९६ | ९९४५ | क्रमागत |
| फिच्छुखोला याङसु सिँचाई योजना | ९९७६९९८ | ८३४५८८५ | १२५१८८ | १०८०१६ | १७१७२ | यसवर्षको |
| टिम्बुरेसिँचाई योजना | ७०८९०५२ | ७०८६२७४ | १०६२९४ | ८२९६२ | २३३३२ | यसवर्षको |
| लुङखुवाकुलो सिँचाई योजना | ९९९४४८५ | ९९६५६५१ | १४९४८५ | १३१७६० | १७७२५ | क्रमागत |
| पुच्छरकुलो सिँचाई योजना | ७७७०८०७ | ७७४४१९४ | ११६१६३ | ८८५५६ | २७६०७ | यसवर्षको |
| सत्यरुपाहाङसे सिँचाई योजना | ७३०८४७९ | ७२८५५८६ | १०९२८४ | ८८४४७ | २०८३७ | क्रमागत |
| जम्मा | ८१६४९११०.१४ | ७८७२९३८२.५ | ११८०९४१ | ९८१३७० | १४७९७५ | |

| असुल गर्नुपर्ने | १,४७,९७५ |
|---|---|

३५.४ **उपभोक्ता समितिलाई सीमाभन्दा बढीको कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले देहायका तीन योजनाको लागत अनुमान १ करोड भन्दा बढी लागत हुने योजनाहरु उपभोक्ता समितिसँग सम्झौता सम्झौता गरी रु.२ करोड ६१ लाख ७१ हजार भुक्तानी गरेको छ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरित हुने गरी सीमा भन्दा बढीको लागत अनुमानका ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि. नं | योजनाको नाम | बास्तविक हुनु पर्ने लागत अनुमान | पालिकाले बनाएको लागत अनुमान | जम्मा मूल्याङ्कन | बजेट खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फिच्छु खोला याङसु सिँचाई योजना | १४०७५५६८ | ९९७६९९७ | ८३४५८८५ | ८०४२८४७ | यस वर्ष |
| | | | | | | |
| २ | लुङखुवा कुलो सिँचाई योजना | १४०९९२९९ | ९९९३८१९ | ९९६५६५१ | ९५८८०९८ | क्रमागत |
| | | | | | | |
| ३ | सारताप दोस्रो सिँचाई योजना | १२३०५६४८ | ८७२२४४९ | ८५८४४५५ | ८५३९६०२ | क्रमागत |
| जम्मा | | | | | २६१७०५४७ | |

३५.५ **उपभोक्ता समितिबाट कार्य**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **८,०४२,८४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

३५.६ **व्यवस्थापन खर्च :** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ताबाट खरिद सबन्धमा उल्लेख भएकोमा सो मा ब्यवस्थापन खर्च दिईने ब्यवस्था छैन । यस पालिकाले संचालन गरेको Small Irrigation Program (SIP) – phase II तर्फ निम्नानुसार योजनामा उपभोक्तालाई WUAS Management cost बापत Total Civil Cost को २% का दरले व्यवस्थापन खर्च भुक्तानी गरेको देखियो । सम्झौताको साथ पेश भएको कागजातमा अर्थ मन्त्रालय र नेपालस्थित स्वीट्जरल्याण्ड राजदुताबासबीच भएको MOU को बुँदा नं ९७ मा “ 2% of the total construction cost is used as the management cost by the Water User Association. This was based on the schedule 1- use of contingency fund as per the Local Resource Mobilization Guidelines, 2069. WUAs can use this for travel cost of WUA members, WUA Stationery and communication, honorarium for Cos, Public hearing and audit costs. Project information based and so on” भनी उल्लेख गरेको आधारमा उक्त २% ब्यवस्थापन शुल्क खर्च गरेको कार्यालयले जनाएको छ । उक्त स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ हाल खारेज भईसकेको र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्तालाई यसरी ब्यवस्थापन शुल्क दिने भन्ने व्यवस्था नभएकोले कार्यालयले गरेको उक्त व्यवस्था ऐन तथा नियमावलीसंग बाँझिएको देखिएको र निर्माण उपभोक्ताबाट कार्य गराउँदा उपभोक्ताको पनि जनसहभागिता परिचालन हुने र राज्यको कम स्रोत परिचालन गर्दा समेत बढी उपलब्धी हासिल गर्ने भन्ने सार्वजानिक खरिद ऐन तथा नियमावलीको मनसाय बमोजिम नदेखिएकोले यस्तो खर्च लेख्न मिल्ने देखिदैन। यस वर्ष उपभोक्ता समितिले प्रशासनिक खर्च वापत रु.७ लाख ११ हजार भुक्तानी गरेको रकमबाट ईन्धन, खाना, स्टेशनरी लगायतका शीर्षकमा खर्च गरेको देखियो। कानुनसम्मत नभएको खर्च सम्झौतामा व्यवस्था गरी भुक्तानी दिएको मनासिव देखिदैन । उपभोक्ता समितिलाई प्रशासनिक खर्च दिएको सम्बन्धमा MOU गर्ने निकायले पुनर्विचार गर्नुपर्दछ ।

३५.७ नेपाल सरकार र स्वीस सरकार विकास सहयोग एस. डी. सी. वीच भएको सम्झौताको प्रोग्राम डकुमेण्टको ७.२ मा डिटेल फाइनान्सियल प्लान उल्लेख भए बमोजिम गाउँपालिका र एस.आई.पी. आयोजना बिच भएको साझेदारी पत्र २०७७ अनुसार उपभोक्ता समितिलाई सिभिल वर्कको ३ प्रतिशत सामुहिक दुर्घटना बीमा र सुरक्षा सम्बन्धि खर्च गर्न सक्ने उल्लेख छ ।पालिकाले यस वर्ष १२ योजनाका जल उपभोक्ता संस्थाका सदस्यको बीमा तथा सुरक्षा उपकरण तथा मेशिन औजार खरिदमा रु.१० लाख ७० हजार खर्च गरेको देखियो । खरिद गरिएका मेशिनरी टुल तथा औजार समाग्रीहरु उपभोक्ता समितिले आफ्नो जिन्सी आम्दानी जनाइ आगामी दिनमा योजनाको मर्मत सम्भारमा समेत उपयोग हुने व्यवस्थित गरिनु पर्दछ।

## ३६ सिद्ध देवी माध्यमिक विद्यालय नमुना विद्यालय कार्यक्रम

शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलापन नं ११.१.२.२५०० को बुँदा नं ८.२ अनुसार स्थानीय तहले नमुना विद्यालय भौतिक निर्माण कार्यका लागि भाद्र मसान्तभित्र विद्यालयसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सम्झौता बमोजिम पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत सम्झौता भए पश्चात र स्ट्रक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात कुल अनुदान रकमको ५० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा २० प्रतिशतले हुने रकम निकासा दिनुपर्ने देखिन्छ।यस कार्यक्रम अन्तर्गत श्री सिद्धदेवी माध्यमिक विद्यालय भवन निर्माणको कार्यको लागि यस वर्ष रु.१,००,००,०००/- र विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्यक्रमको रु.३०,००,०००/-समेत रु.१,३०,००,०००/- निकासा दिएको र उक्त विद्यालयको गतवर्ष सोही कार्यक्रमको लागि पालिकाले भवन निर्माणको कार्यको लागि यस वर्ष रु.१,००,००,०००/- र विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्यक्रमको रु.५०,००,०००/-समेत रु.१,५०,००,०००/- भुक्तानी गरी खातामा रोक्का राखी यस वर्ष एकमुष्ट रु.१९९९९४६५।००को लागत अनुमान स्वीकृत गरी

रु.१,३४,८४,७०४।- मा ठेक्का सम्झौता गरी रु.१,२९,९८,२८३।१५ को कार्य स्वीकार प्रतिवेदन तयार गरी पूर्वाधार निर्माणमा खर्च जनाएको छ । यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन् ।

३६.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलापन नं ११.१.२.२५०० को बुदा नं ८.३ स्थानीय तहले नमुना विद्यालय विकासका लागि तयार भएको भौतिक एवं शैक्षिक गुरुयोजना विद्यालयको प्रस्तावको आधारमा स्थानीय तहले आवश्यकता एवं औचित्यताका आधारमा परिमार्जन र अध्यावधिक गर्न सक्ने उल्लेख छ। विद्यालयले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा स्थानीय तहबाट त्यसरी अध्यावधिक वा स्वीकृत नगराइ ठेक्का सम्झौता गरी बचत भएको रकमबाट डी.पी.आरमा समावेश नभएका गार्ड घर, बस पार्किङ र बास्केटबल कोर्ट , सोफा लगायतका फर्निचर खरिद कार्य गरी रु. ६६,८०,५९४ ।- विद्यालय व्यवस्थापन समितिबाट खर्च गरेको देखिएकाले उक्त खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६६,८०,५९४ |

३६.२ **कार्य सम्पादन करारका आधारमा प्रोत्साहन अनुदान :** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. ११.१.२.२५०० को बुँदा नं. ९.७ मा नमुना विद्यालय विकास एवं सञ्चालन गर्न छनोट भएका प्र.अ तथा माध्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यान्वियन गर्न अतिरिक्त समयमा समेत खटिनु पर्ने र विद्यार्थी सिकाइ उपलब्धी अभिबृद्धिका लागि स्रोत सामाग्रीको व्यवस्थापन गर्न प्रति विद्यालय रु. २ लाख अनुदान दिन सक्ने व्यवस्था छ ।त्यस्तै अनुसूची १३ मा प्रधानाध्यापक र शिक्षकका करारका न्यूनतम शर्तहरु तोकिएको छ । जस अन्तर्गत प्रधानाध्यापक करार नियक्ति भएको हुनु पर्ने .कार्य योजना बमोजिम भौतिक शैक्षिक एवं व्यवस्थापकीय पक्षमा सूचकगत प्रतिवेदन पेश हुनुपर्ने, विद्यालय सुधार योजना प्रत्येक वर्ष सुधार भएको हुनुपर्ने हरेक वर्ष वार्षिक क्रियाकलापको लेखापरीक्षण तथा सामाजिक परीक्षण गरेको हुनुपर्ने र प्रत्येक वर्ष कम्तिमा औषत २ प्रतिशतका दरले सिकाइ उपलब्धि बृद्धि गरेको हुनुपर्ने र विद्यालय खुलेको दिनको ३० प्रतिशत भन्दा बढी दिन हाजिर भएको हुनुपर्ने सूचक तोकिएको छ। तर विद्यालयको आर्थिक वर्ष २०७८।०७९ देखि २०८०।०१ सम्म लगातार तीन आर्थिक वर्षमा शैक्षिक नतिजा खस्कदै गएको,विद्यालयले आर्थिक वर्ष २०७९।०८० र २०८०।०८१ मा लेखापरीक्षण नगराएको नमुना विद्यालयमा जीव विज्ञान,रसायन विज्ञान तथा भैतिक विज्ञानको अध्ययनको अवसर सुनिश्चितता नगरेको अवस्थाले प्रोत्साहन अनुदानको निरन्तरताका लागि पूनः मूल्याङ्कन गरिनु पर्दछ।

३६.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **४९७,३०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६.४ **विद्यालयको शैक्षिक उपलब्धि मापन :** यस विद्यालय सिद्ध देवी नमुना माध्यमिक विद्यालयको शैक्षिक तथा भौतिक सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष २०७७।०७८ देखि २०८०।०८१ सम्म भौतिक पूर्वाधारमा देहाय अनुसार रु. ४ करोड ५० लाख र शैक्षिक सुधारतर्फ रु.१ करोड ३० लाख समेत जम्मा रु.५ करोड ८० लाख अनुदान प्राप्त भएको देखियो । बिगत तीन आर्थिक वर्षमा कक्षा १ देखि १२ कक्षासम्म बिद्यार्थी संख्या निरन्तर घटेर र ५०५ बाट घटेर आर्थिक वर्ष २०८०।०८१ मा ४५७ पुगेको छ। त्यस्तै विगत तीन शैक्षिक सत्र २०७८,२०७९ र २०८० को एस.ई.ईको नतिजा क्रमश: ८२ प्रतिशत, ९८ प्रतिशत र ९ प्रतिशत समेत देहाय अनुसार २०८०।०८१ मा घटेको अवस्था छ । विद्यालयको गुरुयोजना अनुसार भौतिक पूर्वाधारका क्षेत्रमा उल्लेखनीय प्रगति देखिए पनि शैक्षिक गुणस्तर सुधार हुन नसकेको तथा यस विद्यालयमा थप विद्यार्थी समेत आकर्षित गर्न सकेको देखिएन । राज्यले निरन्तर प्रोत्साहन अनुदान उपलब्ध गराउँदा समेत शैक्षिक सुधार हुन नसकेको विषयले शिक्षक, विद्यार्थी अभिभावक र गाउँपालिका सहित खस्कदो नतिजाको निरन्तर समिक्षा नभएको देखिन्छ।नमुना विद्यालयको गुरुयोजना कार्यान्वियन गर्न शैक्षिक गुणस्तर सुधार टोली गठन गरी थप सुधार योजना लागु गर्ने र प्रगतिको आधारमा अनुदान तथा अन्य सहयोग गर्ने व्यवस्था मिलाउनेतर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ।

| सि. नं | आर्थिक वर्ष | पूर्वाधार अनुदान | शैक्षिक अनुदान | जम्मा अनुदान | विद्यार्थी संख्या १-१२ | एस. ई . ईमा सहभागी संख्या | एस. ई . ई नतिजा | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उत्तिर्ण संख्या | |
| १ | २०७७।०७८ | १५०००००० | - | १५०००००० | ४५० | ४४ | ४४ | १०० |
| २ | २०७८।०७९ | १०००००००० | ५०००००० | १५०००००० | ५०५ | ४९ | ४० | ८२ |
| ३ | २०७९।०८० | १०००००००० | ५०००००० | १५०००००० | ४९२ | ५८ | ५७ | ९८ |
| ४ | २०८०।०८१ | १०००००००० | ३०००००० | १३०००००० | ४५७ | ८० | ७ | ९ |
| जम्मा | | ४, ५० , ०० , ००० | १, ३० , ०० , ००० | ५, ८० , ०० , ००० | | | | |

३६.५ **भौतिक निर्माणतर्फ :** विद्यालयलाई आर्थिक वर्ष २०७९।०८० मा रु. १,००,००,०००/- र आर्थिक वर्ष २०८०।०८१ मा पून रु.१,००,००,०००/- समेत जम्मा भौतिक पूर्वाधारतर्फ रु.२,००,००,०००/- बजेट निकासा गरी ठेक्का नं SSS/NCB/WORKS/2080/081-01 को क्यान्टिन तथा अडिटोरियम बिल्डिङ निर्माण कार्य गर्न रु.१,९९,९९,४६५।०२ को लागत अनुमान स्वीकृत गरी रु.१,३४,८४,७०४ मा सम्झौता भएको र उक्त कार्यको २०८१।०३।२३ मा कार्य सम्पन्न गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्र.अ, स्थानीय तहका शिक्षा अधिकृत र प्रमुख प्रशासकिय अधिकृतबाट हस्ताक्षर गरिएको रु.१,२९,९८,२८३.१५ कार्य स्वीकार प्रतिवेदन र नापी किताब पेश भएको छ।

३७ **अनुगमनः**

प्रदेश सरकारको खर्चको मापदण्ड र मित्वययिता सम्बन्धी निर्देशिका २०७९ को दफा ५(६) अनुगमन खटाउदा बढीमा ३ जनाको टोली खटाउनु पर्दछ। त्यस्तै उपदफा ७ मा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले योजना तथा कायक्रमको अनुगमन गर्दा उक्त निर्देर्शिकाको पालना गरेको देखिएन। पालिकाले निर्देशिकाको पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ।

३८ **आवास अनुदानः**

संघीय संसदबाट जारी भएको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनः निर्माण तथा पुनरस्थापना अनुदान कार्यविधि, २०७७ को दफा ६ मा यस कार्यविधि बमोजिम कायम भएका लाभग्राहीले दोहोरो नपर्ने गरी लाभग्राही वर्गको एउटा मात्र अनुदान रकम बैंक खातामार्फत प्राप्त गर्नेछ। निजी आवास मर्मत वा प्रवलीकरण अनुदानः मर्मत वा प्रवलिकरणका कार्यसम्पन्न गरेको प्राविधिक जाँचपास प्रतिवेदनको आधारमा एकमुष्ठ पचास हजार उपलब्ध गराईने उल्लेख छ। साथै निजी आवास पुनर्निर्माण अनुदानः पुनर्निर्माणका लाभग्राहीले निजी आवास पुनर्निर्माणको लागि क्षतिको यथार्थ प्राविधिक मूल्याङ्कनका आधारमा बढिमा हिमाली जिल्लामा पाँच लाख रुपैयाँ, पहाडी जिल्लामा चार लाख रुपैयाँ र तराईका जिल्लामा तीन लाख रुपैयाँ तीन किस्तामा सम्झौता हुनासाथ पहिलो किस्ता बापत पचास हजार, प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनुसूची -६ बमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोस्रो किस्ता बापत हिमाली जिल्लामा दुई लाख पचास हजार रुपैयाँ, पहाडी जिल्लामा दुई लाख रुपैयाँ र तराईका जिल्लामा एक लाख पचास हजार, निर्माण सम्पन्न गरिसकेपछि प्राविधिकको अन्तिम जाँच प्रतिवेदनको आधारमा अन्तिम किस्ता बापत हिमाली जिल्लामा दुई लाख रुपैयाँ, पहाडी जिल्लामा एक लाख पचास हजार रुपैयाँ र तराईका जिल्लामा एक लाख उपलब्ध गराउने उल्लेख छ। पालिकाले विपद् व्यवस्थापन घर टहरा निर्माणका लागि संघीय सरकारबाट अनुदान प्राप्त गर्न छनौट भएका ४९ जनाको

लागि रु. १९,६०,०००।०० कोष तथा लेखा नियन्त्रक कार्यालय पाँचथरको विविध खातामा पठाएको छ। उक्त रकम सम्बन्धितले पाए नपाएको सम्बन्धमा पालिकाले प्रमाण पेश गर्न सकेन। सम्बन्धित लाभग्रीहीले घर टहरा बनाए नबनाएको सम्बन्धमा पालिकामा कुनै अभिलेख रहेको नदेखिएको र संघीय सरकारबाट दोहोरो नहुनेगरी उक्त रकम उपयोग हुनेगरी तोकिएको प्राविधिक नाजाँच पेश हुनु पर्ने अन्यथा उक्त रकम फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,६०,००० |

३९ **करः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले क्लब स्तरिय खेलकुद संचालन गर्न टु स्टर ग्रामिण सृजनशिल ब्लबलाई रु. २,००,०००।०० भुक्तानी गरेकोमा रेफ्रि भत्ता रु. ४५,०००।०० मा १५ प्रतिशतले हुने रु.६,७५०।०० कर कट्टी नगरेकोले उक्त कर वापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७५० |

४० **यातायात सुविधाः**

कोशी प्रदेशसंसदले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार पादाधिकारीहरुलाई मासिक रुपमा अनुसूची १(क) मा उल्लेख भएको सुविधा अनुसार सवारी साधन उपलब्ध नभएमा यातायात भत्ता भुक्तानी हुनुपर्ने उल्लेख छ। साथै कर्मचारीहरुलाई अवश्यकता तथा औचित्यका आधारमा सवारी साधन सुविधा उपलब्ध गराउनु पर्दछ।निम्न वडा कार्यालयहरुमा वडा सचिव र प्राविधिकले दुई पाङ्ग्रे सवारी बुझेतापनि यसका अलावा वडा कार्यालयको नाममा निम्न नं. का सावारीमा वर्षभरि ईन्धन र मर्मतमा खर्च गरेको देखिन्छ। उक्त सवारी साधन कस्ले प्रयोग गरेको हो सो सम्बन्धमा पालिकाद्वारा यकिन गरी खर्चको औचित्य पुष्टि नभएको खण्डमा वा जनप्रतिनिधिले प्रयोग गरेको भए दोहोरो यातायात वापतको रकम असुल गर्नुका साथै यसरी दोहोरो सुविधा उपलब्ध गराउने जिम्मेवार व्यक्ति तथा जिन्सी शाखा प्रमुखलाई समेत जिम्मेवार बनाउनु पर्दछ। साथै सवारी प्रयोग कर्ताले सवारी बुझेको सहि छाप गरी सहायक जिन्सीखाता अद्यावधिक गर्नुपर्दछ।केही उदाहरणहरुः

| सि नं | सवारी रहेको स्थान | सवारी साधन नं |
|---|---|---|
| १ | वडा नं १ | प्र १-००१ ब ००३८ |
| २ | वडा नं २ | प्र १-०१-००१ ब १२३ |
| ३ | वडा नं ४ | प्र १-०१-००१ ब ११३२ |
| ४ | वडा नं ६ | प्र १-०१-००१ ब ५१४ |

४१ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९१ लाख ४७ हजार १ सय २५ तलब भत्ता भुक्तानी गरेको पाईयो । ससर्त अनुदानबाट शिक्षकको तलब भत्ता व्यवस्था भएकोमा समानीकरण अनुदानबाट खर्च लेखेको मनासिव देखिदैन ।

| भौ नं मिति | अनुदान पाउने विद्यालय | रकम |
|---|---|---|
| ६२२-०८०।९।२२ | जालपा देवी आ. वि . स्वयम सेवक शिक्षक | ७०००० |
| ११६८-०८१।३।६ | पैयैंबोटो आ. वि . स्वयम सेवक शिक्षक | ७४००० |
| ६२२-०८०।९।२२ | तिनचुले आ. वि . स्वयम सेवक शिक्षक | ३८४०० |
| ६४६-०८०।९।२६ | ईमान सिंह आ. वि . स्वयम सेवक शिक्षक | ४८००० |
| १११९-०८१।२।२९ | कृष्णा मा. वि . स्वयम सेवक शिक्षक | ८०००० |
| १२५६-०८१।३।१६ | कृष्णा मा. वि . स्वयम सेवक शिक्षक | २४००० |
| ६८४-०८०।१०।२४ | जनकल्याण मा. वि . स्वयम सेवक शिक्षक | २५०००० |
| ८१५-०८०।१२।१८ | जनता आ. वि . स्वयम सेवक शिक्षक | ४९००० |
| १२२२-०८१।३।१३ | जलसिंह मा. वि . स्वयम सेवक शिक्षक | १००००० |
| १२७१-०८१।३।१७ | बाल उद्यान आ. वि . स्वयम सेवक शिक्षक | ९६००० |
| १०३२-०८१।२।२१ | जनता आ. वि . स्वयम सेवक शिक्षक | १४००० |
| ८३८-०८१।१।३ | सिशदेस्वरी मा. वि . स्वयम सेवक शिक्षक | ४५००० |
| १२४४-०८१।३।१४ | सिशदेस्वरी मा. वि . स्वयम सेवक शिक्षक | ५९००० |
| ८८१-०८१।१।४ | ईमान सिंह आ. वि . स्वयम सेवक शिक्षक | १६००० |
| ९१४-०८१।१।१८ | तिनचुले आ. वि . स्वयम सेवक शिक्षक | २५६०० |
| ११७६-०८१।३।११ | लालीगुराष आ. वि . स्वयम सेवक शिक्षक | २३०७७ |
| ९९२-०८१।२।६ | लालीगुराष आ. वि . स्वयम सेवक शिक्षक | ७६९२३ |
| ४७-०८०।६।२१ | परमपरागत भाषा शिक्षक, स्वयम सेवक शिक्षक , बाल विकास शिक्षक प्रथम त्रैमासिक | २६१९१६७ |
| ६११-०८०।९।१९ | परम्परागत भाषा शिक्षक, स्वयम सेवक शिक्षक , बाल विकास शिक्षक दोश्रो त्रैमासिक | २१२०५०० |
| ८१९-०८०।१२।२० | परम्परागत भाषा शिक्षक, स्वयम सेवक शिक्षक , बाल विकास शिक्षक तेश्रो त्रैमासिक | १२१७४२२ |
| १२६३-०८०।३।१६ | परम्परागत भाषा शिक्षक, स्वयम सेवक शिक्षक , बाल विकास शिक्षक चौथो त्रैमासिक | २१०१०६३ |
|  | **जम्मा** | **९१४७१५२** |

४२ **खेलकुद कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। पालिकाले विभिन्न खेलकुद क्लबहरुलाई रकम भुक्तानी दिएको छ। यसरी रकम भुक्तानी गर्दा प्रभावकारी र मितव्ययी नहुने तथा सरकारी रकमको दुरुपयोग हुने सम्भावना रहेको हुँदा पालिकाले यस प्रकारको कार्यमा नियन्त्रण गर्नु पर्दछ। यसका केही उदाहणहरुः

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५०९- ०८०।८।१८ | खेलकुद सहायता | त्रिवेणी युवा क्लव | १५०००० |
| ५१०- ०८०।८।१८ | खेलकुद सहायता | त्रिवेणी युवा क्लव | ३५००० |
| ५११- ०८०।८।१८ | खेलकुद सहायता | त्रिवेणी युवा क्लव | ३५००० |
| ६१६- ०८०।९।१९ | खेलकुद सहायता | बसन्त आङ्दम्वे | ५०००० |
| ९८३- ०८१।२।३ | खेलकुद सहायता | तिजोक यूवा क्लब | १४५००० |
| ६७८- ०८०।१०।२४ | खेलकुद आयोजना कार्यक्रम | टु स्टार ग्रामिण सृजनशिल क्लब | २००००० |
| ६८७- ०८०।१०।२४ | खेलकुद सहायता | फल्गुनन्द ग्रिन पिस क्लब प्रेमराज नेम्वाङ | १००००० |
| ७६०- ०८०।११।२२ | खेलकुद सहायता | पाँचथर फुटबल क्लब | ५०००० |
| ८१४- ०८०।१२।१८ | खेलकुद सहायता | नामसामी केसामी केलाङ संस्था | १००००० |
| ९२०- ०८१।१।२१ | खेलकुद सहायता | बसन्त आङ्देम्बे | ३०००० |

४३ **सट्टा शिक्षक नियूक्तिः**

स्वीकृत दरबन्दी भित्र रही शिक्षक नियूक्त गर्नुपर्दछ। पालिकाले सिद्ध देवीमा विद्यालयमा कार्यरत बाबुराम राई लाई शिक्षा संयोजकको जिम्मेवारी तोकी निजको स्थानमा सट्टा शिक्षक नियूक्ति गरी मासिक रु.२५,०००।०० कादरले १३ महिनाको रु. ३,२५,०००।०० र पोशाक रु. १०,०००।०० समेत रु. ३,३५,०००।०० भुक्तानी दिएको छ । यसवाट कार्यालयलाइ थप व्ययभार परेको दखिएकोले निजलाइ अविलम्व विद्यालयमा फिर्ता पठाउनुपर्ने देखिन्छ । यसरी दरबीन्दी स्वकृत नभएका पदमा शिक्षक नियूक्ती गरी खर्च लेखेको रकम नियमसम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,३५,००० |

४४ **सफ्टवेयर खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. १३२१-०८१।३।१८ बाट योजना व्यवस्थापन प्राणाली सफ्टवेयर खरिद गरी मेगाटेक सोलुसन प्रा. लि. लाई रु २,००,०००।- भुक्तानी दिएकोमा उक्त सफ्टवेयरको सोर्स कोड प्राप्त गरेको छैन । साथै उक्त सफ्टवेयर उपयोगको सम्बन्धमा पालिकाले प्रतिवेदन समेत पेश गरेको छैन। यसरी सफ्टवेयर साथ सोर्स कोड नदिएको अवस्थामा उत्पादकबाट सफ्टवेयर को दोहोरो बिक्री भई दुरुपयोग हुन सक्ने हुनाले उत्पादकबाट उक्त सफ्टवेयरको सोर्स कोड प्राप्त गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

४५ **गैर सरकारी संस्थाबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी सांस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(२) मा नियम १८ बमोजिम मौजुदा सूचिमा समाबेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय वा स्थानीय स्तरको दैनिक सामाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने उल्लेख छ। सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैर सरकारी संस्थासंग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैर सरकारी संस्था मार्फत गराएको, गै. स. स. ले. गरेको निम्नानुसारको काममा सूचना प्रकाशन नगरी छनौट गरेकोले मितव्ययीता नभएको, तालिम संचालनको नर्म्स पालना नभएको, आफ्नो मु. अ. कर विजक जारी नगरेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर खर्च लेखेको रकम नियम सम्मत्त नदेखिएको रु.

| गौ न मिति | कार्यक्रम | सस्थाको नाम | रकम |
|---|---|---|---|
| ७८९।१२।४ | सामुदायिक विद्यालय अभिभावक सचेतना तालिम | ग्लोबल कम्यूनिकेशन एण्ड मिडिया प्रा लि. | १००००० |
| ८७९।१।४ | महिलाहरुको लागि खोष्टाको फूल बनाउने तालिम | सफल शिप विकास केन्द्र | १५०००० |
| १२७७।३।१७ | सचेतना मूलक केयक्रम | यूगिन थिएटर | |
| १०६८।२।२४ | आदिबासी जनजनती हक सम्बन्धी सचेतना कार्यक्रम | नेपाल आदिबासि जनजाती महासंघ गाउँपालिका समन्वय परिषद् | १५०००० |
| १२२६।३।१३। | आयूर्वेदिक शिविर संचालन | नर बहादुर कर्मचार्या स्मृति प्रतिष्ठान | १८०००० |
| १४२०।३।२३ | विरुवा खरिद | तिनचुले जडिबुटी कृषि सहकारी सांस्था लि | ५०००० |
| ६३८।३।२० | यूवा स्वयम सेवक विकास र परिचालन (संघिय शसर्त) | पाँचथर सामाज कल्याण परिषद् | ३००००० |
| ८४७।१।३ | सिलाई कटिङ्ग रिफ्रेसर तालिम | चिलिङ्गदेन कृषि सहकारी सांस्था लि | १२०००० |
| १०६०।२।२४ | दलित सचेतना कार्यक्रम | ईम्बुङ दलित कृषि तथा पशुपालन कृषक समूह | ५०००० |
| | जम्मा | | ११००००० |

| | |
|---|---|
| अनियमित भएको | ११,००,००० |

४६ **गत वर्षको तलब भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९ मा विशेष परिस्थितिबाट सिर्जित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरि बजेट बनाउनु पर्ने व्यवस्था छ। पालिकाले शान्ति घिमिरेलाई गत वर्षको तलब छुट भएको भनि रु. ६५,८०४।०० भुक्तानी गर्दा म. ले. प. फरम नं. २२१ को ढाँचामा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी राख्नु पर्नेमा सो गरेको देखिएन । यसरी म ले प फारम नं. २२१ प्रमाणित नगरी भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६५,८०४ |

४७ **शोधभर्नाः**

मृगौला प्रत्यारोपण गराएका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुदा नं ४ मा मासिक रु. ५,०००।०० उपलब्ध गराउने उल्लेख छ। पालिकाले यस वर्ष दीर्घरोग पिडितहरुलाई संघीय सरकारबाट सामाजिक सुरक्षा वापत मासिक रु ५०००।-आर्थिक सहायता प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले २९ जना दीर्घरोगिलाई संघबाट शोधभर्ना प्राप्त हुने गरी वित्तीय समानिकरणबाट मासिक रु. ५,०००।०० ले रु. १०,३५,०००।०० भुक्तानी दिएकोमा लेखापरीक्षणको अवधिसम्म शोधभर्ना प्राप्त गरेको देखिएन। पालिकाले पटक पटक शोधभर्ना माग गर्दा पनि संघीय सरकारबाट रकम प्राप्त नभएको जनाएको छ। निकासा प्राप्त गरी शोधभर्ना गर्नु पर्दछ रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १०,३५,००० |

४८ **व्यक्तिको नाममा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई एफ टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिँदा सम्वन्धीत फर्मको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको तथा वडा सचिवको नाममा भुक्तानी गरेको हुँदा उक्त रकमको सहि सदुपयोग भए नभएको र सोही प्रयोजनमा खर्च भए नभएको एकिन हुन नसकेको हुँदा यस कार्यमा सुधार गर्नुपर्दछ । यसका केही उदाहरणहरुः

| गो भौ नं मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ३९।६।२२ | ईन्धन, मर्मत , विविध | चन्द्र ब सुब्बा | २५००० |
| ३९।६।२२ | ईन्धन, मर्मत , विविध | निर्मल अधिकारी | ६९००० |
| ४६९।७।२० | ईन्धन, मर्मत , विविध | जय बहादुर तामाङ | ७६५३१ |
| ४७९।७।२२ | वडा संचालन खर्च | राजेन्द्र प्र लुईटेल | ९४३७७ |
| ६९०।१०।२५ | वडा संचालन खर्च | राजेन्द्र प्र लुईटेल | २२७९१३ |
| ७४१।११।१५ | वडा व्यवस्थापन खर्च | राजेन्द्र प्र लुईटेल | १८०००० |
| ७४६।११।२१ | विविध खर्च | सुगम घिमिरे | ६१०४३ |
| ७५९।११।२२ | वडा संचालन खर्च | जय बहादुर तामाङ | ५६९४४ |
| ७९०।१२।४ | वडा संचालन खर्च | थमराज जैसी | ४९४२८ |
| ७९०।१२।४ | वडा संचालन खर्च | शहर बहादुर चेम्जोङ | ६६८८३ |
| ८०१।१२।७ | कार्यालय सामाग्री | राज कुमार श्रेष्ठ | ५६७६३ |
|  | जम्मा |  | ९६३८८२ |

४९ **खाजा खर्चः**

सार्वजनिक खर्चको मापदण्ड तथा मित्तव्ययीता सबन्धी निर्देशिका, २०७९ को परिच्छेद २ को ४(क) मा सार्वजनिक निकायले कार्यालय समय बाहेकको अवधिमा कर्मचारीलाई काममा लगाउँदा अतिरिक्त समय काम गर्नु पर्ने अवस्थाको आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतको पुर्व स्वीकृति लिई मात्र खाना खाजा वापत खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं मिति ५८१-२०८०।९।१२२ र ८६५-२०८१।११।४ बाट अतिरिक्त समय काम गरेको भनि खाजा भत्तामा रु. ६,८७,०००।०० खर्च लेखेको छ। उक्त खर्च लेख्दा आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतको पूर्व स्वीकृति लिएको देखिएन। यसरी निर्देशिकामा भएको व्यवस्था विपरित खर्च लेखेको रकम नियमत नदेखिएको रु

| अनियमित भएको | ६,८७,००० |
|---|---|

५० **फिल्ड भत्ताः**

यस प्रदेशमा प्रदेश स्थानीय सरकारी सेवा गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धी ऐन, २०८० को परिच्छेद ६ मा तलब भत्ता तथा अन्य सुविधा सम्बन्धि व्यवस्थामा समेत फिल्ड भत्ता पाउने सम्बन्धी ब्यवस्था गरेको नदेखिएको तर पालिकाले गाउँ सभाबाट निर्णय गरी निम्न गो भौ नं. मितिबाट प्राविधिक कर्मचारीहरुलाई बर्ष भरी रु.११,११,२००।- भुक्तानी गरेको छ। यसरी भुक्तानी भएको फिल्ड भत्ता सम्बन्धमा निजामति सेवा ऐन तथा प्रदेश स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन मा व्यवस्था भएको देखिदैन । तथापी फाल्गुनन्द गाउँपालिका आयोजना व्यवस्थापन तथा संचालन कार्यविधि २०७४ तर्जुमा गरी यस्तो भत्ता वितरण गरेको कार्यालयले जनाएको छ । आवश्यकतानुसार भ्रमण भत्ता उपलतब्ध गरेउने व्यवस्थालाई लागु गरी खर्चमाथि नियन्त्रण गर्नुपर्दछ ।

| भौ. नं. मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ७५१।११।२१ | श्रावण देखी माघ महिना सम्म ७ महिनाको रु ९६०० का दर ले | जुना रिजाल | ६७२०० |
| ८०९।१२।१२ | फिल्ड भत्ता | मिलन आङदेम्बे | ८४००० |
| ८४५।१।३ | श्रावण देखी फाल्गुन महिना सम्म ७ महिनाको रु ९६०० का दर ले | विभिन्न ६ जना प्रविधिकहरु | ४२२४०० |
| ९५८।१।२५ | श्रावण देखी बैशाख महिना सम्म ७ महिनाको रु ९६०० का दर ले | विभिन्न ३ जना प्रविधिकहरु | १७५२०० |
| १००२।२।६ | श्रावण देखी बैशाख महिना सम्म ७ महिनाको रु ९६०० का दर ले | बद्रि प्रसाद ढाकाल | १०८००० |
| १४०७।३।२२ | २०८१ आसार महिना सम्मको फिल्ड भत्ता | विभिन्न ३ जना प्रविधिकहरु | ७९२०० |
| १२१२।३।१३ | २०८१ आसार महिना सम्मको फिल्ड भत्ता | विभिन्न ६ जना प्रविधिकहरु | १७५२०० |
| | जम्मा | | **१११११२००** |

५१ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्बन्धमा समेत उल्लेख गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसारको अन्य कार्यालयको खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत बाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट बजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १५- २०८०।६।१५ | भाँडा कुडा | शसस्त्र प्रहरी बल सुरक्षा वेस राके | १९०९६ |
| ७५६- २०८०।११।२२ | ईन्धन | शसस्त्र प्रहरी बल सुरक्षा वेस राके | २६०३४ |
| १६- २०८०।६।१५ | ईन्धन | शसस्त्र प्रहरी बल सुरक्षा वेस राके | २७४६४ |
| १७।६।१५ | कार्यालय व्यवस्थापन | शसस्त्र प्रहरी बल सुरक्षा वेस राके | ५०००० |
| ४६९- २०८०।७।२० | विवध खर्च | प्रहरी चौकी आङसाराङ | १०००० |
| २२९।३।११ | कम्प्युटर खरिद(पुजिगत) | शसस्त्र प्रहरी बल सुरक्षा वेस राके | ४९७२० |
| २५- २०८०।७।२ | प्रहरी चौकी भवन निर्माण(पुजिगत) | प्रहरी चौकी आङसाराङ | ९६९१६० |
| ३३- २०८०।८।१८ | घेरावार(पुँजिगत) | प्रहरी चौकी फाक्तेकको घेरावार | २८९६३३ |
| २०३- २०८१।२।७ | फर्निचर फिक्सचर(पुँजिगत) | शिक्ष विकास तथा समन्वय एकाई | १४९२२७ |
| १३६।१।४ | चौकी व्यवस्थापन खर्च (पुँजिगत) | चिलिङदिङ प्रहरी चौकी | ३८००० |
| ४५६- २०८०।७।१ | दशै पुजा | जिल्ला प्रशासन कार्यालय | १५००० |
| ४९१- २०८०।७।२४ | ईन्धन | प्रहरी चौकी आङसाराङ | १५००० |
| ७५७- २०८०।११।२२ | ईन्धन | प्रहरी चौकी आङसाराङ | २०००० |
| ५०७- २०८०।८।१८ | कार्यालय व्यवस्थापन | पौवा भञ्जाङ प्रहरी चौकी पौवा | ४९२६७ |
| ५०८- २०८०।८।१८ | विविध खर्च | प्रहरी चौकी आङसाराङ | १०००० |
| ५०८- २०८०।८।१८ | विविध खर्च | पौवा प्रहरी चौकी | १०००० |
| ५०८- २०८०।८।१८ | विविध खर्च | चिलिङदिङ प्रहरी चौकी | १०००० |
| ६५०- २०८०।९।२६ | सवारी मर्मत | चिलिङदिङ प्रहरी चौकी | १९५०० |
| ५०८- २०८०।८।१८ | विविध खर्च | फक्तेप प्रहरी चौकी | १०००० |
| ५०८- २०८०।८।१८ | विविध खर्च | नवमीडाँडा प्रहरी चौकी | १०००० |
| ५४०- २०८०।८।२४ | कार्यालय व्यवस्थापन | नवमीडाँडा प्रहरी चौकी | ३०००० |
| ५४७- २०८०।८।२६ | ईन्धन | चिलिङदिङ प्रहरी चौकी | १५००० |
| ५७८- २०८०।९।१२ | कार्यालय व्यवस्थापन | फाक्तेप प्रहरी चौकी | २०००० |
| ६८२- २०८०।१०।२४ | ईन्धन | चिलिङदिङ प्रहरी चौकी | ४०००० |
| | जम्मा | | १९०२१०१ |

५२ **जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा तिरि महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुलमा थप जरिवाना भुक्तानी गरी थप व्ययभार पारेको छ। यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौ नं मिति | जरिवाना रु |
|---|---|
| ४९४।७।२४ | ४९३० |
| ६४५।९।२६ | ९८१२ |
| ८६७।१।४ | ५९८४ |
| १०४०।२।२३ | ५१४८ |
| १४३२।३।२४ | ९५२४ |
| जम्मा | ३५३९८ |

५३ **धरौटि दायित्वः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६३ मा नियम ६२ बमोजिम कार्यालयको नाममा प्राप्त हुने धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको एकल कोष धरौटी खातामा जम्मा गर्नु पर्दछ। सोही नियमावलीको नियम ६६ अनुसार फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले धरौटी रकम कट्टा गरेको तर धरौटी खातामा जम्मा हुन नसकेकोले गाउँ सभाको निर्णय गरी गाउँपालिका चालुबाट धरौटी खातामा रु. २,४२,८३१।०० ट्रान्सफर गरेको छ। पालिकाले कुन निर्माण व्यवसायिको धरौटी हो कहिले कट्टी भएको हो धरौटी खातामा जम्मा नभएको हो भने सोको प्रमाण स्पष्ट रुपमा पेश गर्नु पर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४२,८३१ |

५४ **छपाईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न गो. भौ. नं. मितिबाट पुस्तक पत्रिका तथा क्यालेण्डर छपाई गरी रु. १२,०८,५३५।- खर्च गरेको छ । उक्त छपाई भएको सामाग्रीहरु के कती कहाँ वितरण भएको हो सोको अभिलेख राखेको देखिएन । उक्त छपाई भएको सामाग्रीहरु के कति कहाँ खर्च भएको हो सोको प्रमाण तथा पुष्ट्याई पेश गर्नुपर्दछ ।.

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| १२०२।३।१२ | ४००० पीस क्यालेण्डर छपाई | ४४९७४० |
| १०८७।२।२७ | ७०० पीस पालिकाको महत्वपूर्ण गतिविधि फाल्गुनन्द टाईम्स सुस्तक | ४९७७६५ |
| १३२३। | जनप्रतिनिधिहरुको चिनारी पुस्तक प्रकाशन ५०० पीस | २६१०३० |
| **जम्मा** | | **१२०८५३५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०८,५३५ |

५५ **प्र. अ. भत्ताः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा प्र. अ. सम्बन्धि भत्ता दिनु पर्ने उल्लेख छ। पालिकाले संघीय सशर्त कार्यक्रमबाट प्र. अ. भत्ता मासिक रुपले तलबसंगै भुक्तानी गरिरहेको अवस्थामा भौ. नं. मिति ६७२-२०८०।१०।२३ बाट ४० वटा विद्यालयलाई थप प्र. अ. बैठक भत्ता रु. ३,३९,०००।०० भुक्तानी गरेको छ। यसरी थप भत्ता भुक्तानी गर्दा पनि शैक्षिक गुणस्तरमा के कस्तो सुधार भएको हो सोको प्रतिवेदन बनाएको देखिएन। पालिकाले प्र. अ. हरुसंग कार्यसम्पादन सम्झौता गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु पर्दछ।

५६ **निश्चित संस्थाको लागि बजेट व्यवस्थाः**

सार्वजनिक खर्च नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट कार्य गराउनु पर्ने आवश्यक्ता भएमा १५ दिनको अवधि दिइ सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्ने उल्लेख छ । सूचना प्रकाशन बेगर पालिकाले निम्न संस्थाको नाममा बजेट विनियोजन

गरी भुक्तानी दिएको छ । यसरी आफ्नो कार्य क्षेत्रभित्र संस्थाको नाममा बजेट विनियोजन गरी पर्याप्त प्रतिस्पर्धा र छनोट बेगर भुक्तानी दिनु मनासिव देखिदैन ।

| भौ. नं . मिति | प्रयोजन | संस्थाको नाम | रकम |
|---|---|---|---|
| ११६३।०८१।३।५ | पत्रकार क्षमता विकास तालिम | नेपाल पत्रकार महासंघ | १५०००० |

५७ **मेलमिलापकर्ताहरुको पुनरताजगि तालिमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **५१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **शीर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप दफा २ मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुनेगरी दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। साथै महालेखा नियन्त्रक कार्यालय द्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च लेख्नु पर्दछ। पालिकाले करारको कर्मचारीहरुलाई करार सेवा शुल्क (२२४१३) बाट रु.९२,८६,३२२।- भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारी पारिश्रमिक(२११११) शीर्षकबाट भुक्तानी गरेको छ। यसरी शीर्षक फरक पारी गरेको खर्च रकम नियम सम्मत्त देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ९२,८६,३२२ |

५९ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बटा बर्थिङ सेन्टरमा गत वर्षको मौज्दात २ थान रहेकोमा यो वर्ष रु ७१,६४०।- मा ९० वटा खरिद गरी जम्मा ९२ थान न्यानो झोला रहेकोमा यस वर्ष ३८ जनालाई वितरण गरेको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६२ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तरीय भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन साथै पालिका भित्रको बार्षिक प्रसुति अभिलेख अनुसार यसरी खरिद गरिएको न्यानो झोला औषतमा २ बर्ष पुग्ने देखिन्छ । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६० **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) अनुसार सार्वजनिक निकायले २५ लाख सम्मको लागत अनुमान भएको औषधी खरिद गर्दा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको नियम १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खरिद योजना तयार नगरेको र औषधी आपूर्ति पश्चातको परीक्षण (post delivery inspection report- PDI)पेश गरेको देखएन । नियम विपरित हुने गरी रकम भुक्तानी गरेकोले आगामी दिनमा खरिद योजना तयार गरी सोहि अनुसार खरिद गरी खरिद कार्यलाई मितव्ययी र प्रतिष्पर्धी बनाउनुपर्दछ । साथै गुणस्तर स्पेशिफिकेशन परीक्षण हुनुपर्दछ।

| गो भौ नं र मिति | विवरण | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २३४- २०८०।९।२४ | औषधि खरिद (संघीय शसर्त) | भिम देवी मेडिसिन साप्लायर्स प्रा ली | १९४२३७४ |
| १४४९- ०८१।३।२४ | औषधि तथा उपकरण खरिद | आजम्बरी फर्मास्यूटिकल | ३५४११७ |
| | **जम्मा** | | **२२९६४९१** |

६१ **तालिम संचालनः** (१२९५-२०८१-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ माभुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. मिति १२९५-०८१।३।१८ बाट आफ्नो क्षेत्रभित्रका होटेल व्यवसायीहरुलाई कुक तालिम दिनकालागि श्री डिभाईन हब एजुकेशन कन्सलटेन्सी प्रा. लि. संग सम्झौता गरी कार्य सम्पन्न पश्चात रु. ४,५०,०००।०० भुक्तानी दिएको छ।श्री डिभाईन हब एजुकेशन कन्सलटेन्सी प्रा. लि. ले पेश गरेको प्रस्तावको निम्न आईटममा दररेट भन्दा बढी दरमा भुक्तानी माग दावी गरी रु. ३९,०००।०० भुक्तानी भएको छ। यसरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ रु.

| सि नं. | आईटम | परिमाण | प्रस्तावको दररेट | भुक्तानी भएको दररेट | बढी रु. |
|---|---|---|---|---|---|
| २ | प्रशिक्षण सामाग्री खर्च तथा भाडा एकमुस्ट | १ | १०७६०० | १२९६०० | २२००० |
| ५ | प्रशिक्षार्थी खाजा खर्च | १० | २१०० | ३३०० | १२००० |
| ९ | प्रोजेक्टर भाडा | १० | १००० | १५०० | ५००० |
| | जम्मा | | | | ३९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,००० |

६२ **कर्मचारी तालिमः**

सार्वजनिक खरिद नियमावली, २०६४ मा एक लाख भन्दा बढी लागत अनुमान भएको खरिद कार्य कार्यालयको मौजुदा सूचिमा रहेको ३ वटा फर्मसंग कोटेशन माग गरी सबै भन्दा कम आर्थिक प्रस्ताव पेश गरेको फर्मबाट खरिद गर्नु पर्ने उल्लेख छ। पालिकाले भौ. नं. मिति ९३४।१।२३ बाट कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरी श्रवण कुमार स्पोर्ट प्रा लि लाई रु. १,६६,६३७।०० भुक्तानी दिएकोमा खरिद नियम अनुसार ३ वटा फर्मसंग दररेट माग गरेको देखिएन। यसरि खरिद विधि पुरा नगरी भुक्तानी गरेको रकम नियमसम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६६,६३७ |

६३ **प्रशिक्षक भत्ताः**

सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ अनुसार आन्तरिक प्रशिक्षकलाई रु.१,२००।०० प्रति सेसन भुक्तानी गर्नु पर्ने उल्लेख छ। पालिकाले गड्यौलाको मल बनाउने तालिममा आन्तरिक प्रशिक्षक सुगम घिमिरेलाई ३ सेसनको बढी रु. ३,६००।०० र कमला तिमल्सिनालाई २ सेसनको रु. २,४००।०० गरि जम्मा रु. ६,०००।०० बढी भुक्तानी भएको रकम सम्बन्धितसंग असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

६४ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्:

६४.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४० | २८८ | २८८ | ८ | ४५६३ |

६४.२ **शिक्षक विद्यार्थी अनुपातः** पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ४० सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा २८८ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये २८० जना स्थायी र ८ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरूमा ४५६३ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१६रहेको छ ।पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी आवश्यकताअनुसार पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गर्ने र बढी दरवन्दी भएमा समायोजन गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६४.३ **एकिकृत पाठ्यक्रम तालिमः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास अन्तरगत एकिकृत पाठ्यक्रम सम्वन्धी कस्टमाइज्ड तालिम प्रदान गर्न एकीकृत पाठ्यक्रमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागि तथा शिक्षा विकास तथा समन्वय इकाइबाट तालिम प्राप्त गरी विज्ञ प्रशिक्षकबाट तालिम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले भौनं मिति ४१२।२०८१।१।२३ बाट सहभागिको यातायात खर्च, खाजा खर्च र प्रशिक्षक भत्ता बापत रु १,७१,७००।- खर्च गरेको दखिन्छ ।तालिम प्रदान गर्ने देहायका व्यक्तिहरु लाई प्रशिक्षण भत्ता बापत रु १५४००।भुक्तानी गरेकोमा प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्र पेश गरेको देखिदैन यसबाट परिक्षण र सिकाईको लक्ष्य पुरा भएको विश्सनीय आधर देखिदैन । अत: प्रशिक्षक प्रशिक्षण तालिम प्रमाणपत्र वा तोकिए बमोजिम बिज्ञ प्रशिक्षक भएको आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु.

| सिनं | भौनं मिति | नाम | सेसन | रकम | कर कट्टी | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ४१२।२०८१।१।२३ | प्रेम भण्डारी | २ | ३००० | १५० | ३८५० |
| २ | ४१२।२०८१।१।२३ | मलन श्रेष्ठ | २ | ३००० | १५० | ३८५० |
| ३ | ४१२।२०८१।१।२३ | आनन्द घिमिरे | २ | ३००० | १५० | ३८५० |
| ४ | ४१२।२०८१।१।२३ | पङकज खतिवडा | २ | ३००० | १५० | ३८५० |
| | | जम्मा | | | | १५,४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४०० |

६४.४ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन पालिकासँग रहेको पाइएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६४.५ **सामुदायिक सिकाई केन्द्र अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २,७,१३,११ शैक्षिक पहुँच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत विभिन्न मापदण्डहरु मा बार्षिक साधारण सभा भएको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, साधारण सभाबाट बजेट र कार्यक्रम पारित गरेका सामुदायिक सिकाई केन्द्रलाई बार्षिक रु २,५०,०००।- अनुदान निकासा गर्ने सक्ने उल्लेख छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ मा निम्न बमोजिमका समुदायिक सिकाई केन्द्रलाई निकासा दिएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म उक्त मापदण्ड पुरा गरेको देखिएन । सिकाई केन्द्र नियमित संचालनमा रहेको तर

समयमा साधारण सभा नहुनुका कारण मापदण्ड पुरा हुन नसकेको कार्यालयले जनाएको छ । यसवाट सामुदायिक सिकाई केन्द्रमा मापदण्ड पालना भई आर्थिक अनुशासन कायम भएको छ भन्न विश्वसनीय आधार देखिएन ।अत: मापदण्ड पुरा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **सिनं** | **गो.भौनं र मिति** | **सामुदायिक अध्ययन केन्द्र** | **रकम** |
|---|---|---|---|
| १ | ६१८÷२०८१।३।१९ | आङसाङ सामुदायिक अध्ययन केन्द्र | १९७९६० |
| २ | ६१३÷२०८१।३।१९ | ग्रामिण समुदाय सिकाई केन्द्र | २५०००० |
| ३ | ६१३÷२०८१।३।१९ | नवमिडाँडा सामुदायिक केन्द्र | १६०९६० |
| ४ | ६४०÷२०८१।०३।२० | फक्तेप सामुदायिक सिकाई केन्द्र | १४५१०० |
| | | **जम्मा** | **७५४०२०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५४,०२० |

६४.६ **स्यानिटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा आपूर्ती पश्चातको परीक्षण (Post Delivery Inspection) गर्नुपर्ने व्यवस्था छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३८६ जना रहेका छन। ओसन सर्जिकल ट्रेड कनसर्न प्रा. लि बाट १९१६० थान स्यानिटरी प्याड रु १६,२३,८१०।०० (मू अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा मिति २०८१।०२।२० मा बजेट फ्रिज हुन नदिने मनसायले वर्षान्तमा उक्त प्याड खरिद गरी पालिकाको भण्डारमा मौज्दातमा राखेको देखिन्छ । यसरी खरिद गरिएका स्यानिटरी प्याडको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम गुणस्तर र स्पेशिफिकेसन परीक्षण गरी समितिले नियम ११५(६) बमोजिम प्रतिवेदन पेश गरेको समेत देखिदैन ।त्यसैले स्यानिटरी प्याडहरु गुणस्तरयुक्त छ भनि यकिन हुन सकिदैन । पालिकाले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ र उक्त प्याड खरिदको रितपूर्वकको आपूर्ती पश्चातको परीक्षण (PDI) प्रतिवेदन पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२३,८१० |

६४.७ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु.२४,९४,४४५। विद्यालयहरुलाई निकासा दिएको छ। पालिकाले विद्यार्थीले समयमा पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन गरेको पाइएन । साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार जेष्ठ महिनाभित्रमा शिक्षा तथा मानव स्रोत केन्द्रमा बुझाएको पाइएन । अत: पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेअनुरुप अनुगमन र वितरण प्रतिवेदन तयार गरिनुपर्दछ ।

६४.८ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तनी दिन आवश्यक बिल, भरपाई र कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका सामुदायिक विद्यालयलाई पाठ्यपुस्तक अनुदान भुक्तानी गर्दा वितरण गरेको भरपाई नगरी विल बमोजिमको रकम भुक्तानी गरेको पाइयो । वितरण भरपाई परीक्षण नगरी भुक्तानी गर्नु यसको कारण हो । यसबाट विद्यालयलाई अधिक अनुदान निकासा हुनसक्ने देखिन्छ । त्यसैले आगामी दिनमा पालिकाले भुक्तानी गर्दा वितरण भरपाईका आधारमा अनुदान निकासा गर्नुपर्दछ । अत: यसरी बढी भुक्तानी रकम सम्बन्धित सामुदायिक विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| | गोभौ नं र मिति | विद्यालयको नाम | निकासा अनुदान | भरपाई बमोजिम रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ४५२- २०८१।०२।०३ | श्री घुर्विसे पञ्चमि मावि | २५०८६१ | २४७५९१ | ३२७० |
| २ | ४५२- २०८१।०२।०३ | श्री जनकल्याण मावि | १२४५४४ | १०६०७८ | १८४६६ |
| ३ | ४५२- २०८१।०२।०३ | ज्योति मावि | १८०००६ | १६०८४५ | १९१६१ |
| ४ | ४५२- २०८१।०२।०३ | पदमकन्या आवि | २८३४३ | २६६४० | १७०३ |
| ५ | ४५२- २०८१।०२।०३ | जनता आवि | ८७३० | ५८९० | २८४० |
| | | जम्मा | ५९२४८४ | ५४७०४४ | ४५,४४० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **११,१२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **८,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **४,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२,६६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३,३८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१६,५४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,४४० |

६४.९ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्ने आर्थिक बर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसकोलागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट

स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडी निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र स्थानीय तहले अनुगमनमा जाँदा अनुगमन निरीक्षणमा खटिएका व्यक्तिले उक्त पुस्तिकामा राय सुझाब उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ४० सामुदायिक विद्यालयमा अध्ययनरत वालविकास देखि कक्षा ५ सम्मका जम्मा १९५८ जना विद्यार्थीका लागि दिवा खाजा बापत रु ४५,९१,०६५।-अनुदान निकासा भएकोमा पालिकाले समय समयमा सामुदायिक विद्यालयमा अनुगमन गरी सुझाव दिएको पाइएन । यसवाट सामुदायिक वद्यालयले विद्यार्थीहरुलाई गुणस्तरीय दिवा खाजा खुवाएको छ भनि विश्वस्त हुन सकिएन । पालिकाले प्रत्येक विद्यालयमा दिवा खाजाको अनुगमन गरी विद्यालयलाई सुझाव दिनुपर्दछ ।अत: आगामी दिनमा पुस्तिकाको पालना गरी दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ ।

६४.१० **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई बार्षिक रु १५०००।÷ र आधारभूत विद्यालयलाई बार्षिक रु १०,०००।÷ अनुदान दिने व्यवस्था छ साथै विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख भएकोमा उक्त प्रतिवेदन पेश भएको छैन । यस कार्यको लागि पालिकाले पालिका भित्रका ११ माध्यमिक र २९ आधारभूत विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ मा रु ४,५५,०००।०० अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक लेखापरीक्षण नगराउनु र पालिकाले समयमानै लेखापरीक्षको व्यवस्थापन नगर्नु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदानको विद्यालयले आम्दानी जनाइ उद्देश्य अनुरुप खर्च गरेको विषयमा यकिन हुन सकिएन । गत बर्ष २०७९।८० को समेत लेखापरीक्षण नभएको देखिएकाले सो समेतको सामुदायिक विद्यालयको आर्थिक लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५५,००० |

## ६५ सुरक्षित नागरिक आवास कार्यक्रमः

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा १४ ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्न जिल्लाको स्थानीय तह र संख्या निर्धारण गर्ने उल्लेख छ। त्यसैगरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५को दफा ११(२) को व्यवस्था अनुसार निवेदन संकलनको सूचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ ।गाउँपालिकाले यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरी २२ लाभग्राहीलाई प्रथम किस्ताको रु.६,६०,०००।- तथा दोस्रो किस्ता २० लाभग्राहीलाई रु ४,००,०००।- र गत वर्ष प्रथम किस्ता भुक्तानी लगेका २१ लाभग्राहीलाई रु.४,२१,९२५।- समेत जम्मा रु. १४,८१,९२५।- खर्च भएको देखिन्छ । यस वर्ष प्रथम किस्ता लगेका २ जनाले दोस्रो किस्ता लगेको देखिएन उक्त प्रथम किस्ता भुक्तानी भएका लाभग्राहीको अवस्था अनुगमन गरी अनुदानको सहि सदुपयोग हुनु पर्दछ ।पालिकामा हस्तान्तरण भई आएको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न अन्य सरकारी निकायसँग समेत समन्वय गरी कार्यक्रममा दोहोरोपना नहुने गरी सञ्चालन गरिनु पर्दछ।

| आर्थिक वर्ष २०८०।०८१ मा प्रथम र दोस्रो किस्ता भुक्तानी हुने लाभ ग्राही र रकम | | | | गत वर्ष प्रथम किस्ता लगि बार्थिक वर्ष २०८०।०८१ दोस्रो किस्ता मात्रै भुक्तानी हुने लाभग्राही | | |
|---|---|---|---|---|---|---|
| प्रथम किस्ता संख्या | रकम | दोस्रो किस्ता संख्या | रकम | दोस्रो किस्ता संख्या | रकम | कैफियत/ जम्मा |
| २२ | ६,६०,००० | २० | ४,००,००० | २० | ४,००,००० | |
| | | | | १ | २१,९२५ | पुरानो |
| जम्मा | ६,६०,००० | | ४,००,००० | | ४,२१,९२५ | |
| **कुल जम्मा खर्च रु. १४८१९२५** | | | | | | |

६६ **सहकारी अनुगमनः**

नेपालको संविधान २०७२ ले सहकारी संस्था संचालन अनुगमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । पालिकाले सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्थाको अनुगमन तथा अभिलेखीकरण गर्नुपर्नेमा अभिलेखिकरणको कार्य शूरुवात भएतापनी कानुन वनाई सहकारी सम्वन्धि नियमन प्रभावकारी देखिएन। पालिकाले उल्लेखित व्यवस्थाको कार्यान्वियनको लागि कानुनको निर्माण तथा कार्यान्वियन गर्नुपर्दछ।

६७ **शीत भण्डार :**

पालिकाले राँके वजारमा शीत भण्डार सञ्चालन तथा व्यवस्थापन गर्न गत वर्ष संरचना निर्माण लगायतका निर्माण कार्यमा रु.४८ लाख २ हजार खर्च जनाएकोमा यस वर्ष रु. १२ लाख ५० हजार समेत जम्मा रु. ६० लाख २ हजार खर्च भएकोमा शीत भण्डार सञ्चालनमा आएको देखिएन। शीत भण्डारको संरचना निर्माणका लागि पालिकाले ठुलो रकम खर्च गरिसक्दा पनि विद्युत तथा अन्य मेशिन उपकरणको अभाव जनाई लेखापरीक्षण अवधि मिति २०८१।०५।२२ गते सम्म पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन ।निर्मित संरचना उपयोग नहुँदा खर्चको उपदेयता देखिएन ।शीत भण्डार सञ्चालन तथा व्यवस्थापनका लागि पालिकाले पहल गरी शीत भण्डारको समुचित उपयोग मार्फत कृषि उपजहरुको भण्डारण तथा विक्री व्यवस्थापनमा सहजिकरण गरिनु पर्दछ ।

६८ **डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ। यसरी यस वर्ष पालिकाले गरेको २ वटा अध्ययन प्रतिवेदन र विगत आर्थिक वर्षमा अध्ययन भएका १५ प्रतिवेदन मध्ये ६ वटा कार्यान्वियन भएको देखिएता पनि रु.७२ लाख ७४ हजार खर्च गरी तयार गरेका ९ अध्ययन प्रतिवेदन (६० प्रतिशत) भने कार्यान्वियन हुन सकेको देखिएन। त्यस्तै अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | कार्यान्वयन भए / नभएको(कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|
| यो वर्षको | | | | | |
| १ | याम्बाबुङ हँदै ४ नं वडा कार्यालय जाने सडक | सक्सेस डिजाइनर एण्ड डेभलपमेण्ट प्रा. लि | ५०००० | ४८९९५६ | कार्यान्वयन नभएको |
| २ | सेहो : नाम्लाङ पर्यटकिय स्थल | विल्डर्सयङ्जड इन्जिनियरिङ कन्सल्टेन्स एण्ड कन्स्ट्रक्सन प्रा. लि | ५०००० | ४८४७७० | कार्यान्वयन नभएको |
| गत वर्षको | | | | | |
| १ | इमान सिंह पार्क निर्माण | राप्ति मेचि इन्जिनियरिङ कन्सल्टेन्सी | ५०००० | ४९०००० | नभएको |
| २ | किराँत हाङसाम मन्दिर निर्माण - ५ | बिग ब्रदर्श एण्ड इन्जिनियर्स प्रा.लि. | ३००००० | ३००००० | भएको |
| ३ | गाउँपालिका रीङ रोड | माँ सोनाशक्ती इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १३६००० | १३६००० | भएको |
| ४ | जनकल्याण मा.वि. भवन | आर्क हिमालय इन्जिनियरिङ | ७५०००० | ७५०००० | भएको |
| ५ | ज्योति मा.वि. भवन | भिभिड ग्रुप अफ कम्पनिज प्रा.लि. | ३९५००० | ३९५००० | भएको |
| ६ | युमा माङहिम फाल्गुनन्द - ५ | सगुन इन्जिनियरिङ सोलुशन | ३००००० | ३००००० | भएको |
| ७ | वडा नं. ५ को वडा कार्यालय | भिभिड ग्रुप अफ कम्पनिज प्रा.लि. | ४९५००० | ४९५००० | भएको |
| ८ | सिलौटी साप्सु दोभान याम्मापुङ सडक | एडभान्स इन्जिनियरिङ | १४१०००० | १४१०००० | नभएको |
| ९ | नवमीडाँडा माङगेना दोभान रिङ रोड | एडभान्स इन्जिनियरिङ | ११२५००० | ११२५००० | नभएको |
| १० | सत्यहाङमा मा वि भवन | भिभिड ग्रुप अफ कम्पनिज प्रा.लि. | ६५०००० | ६, ३९ , ५८०.०० | भएको |
| ११ | घुर्विसे पंचमी देखी जुङजिवा खोला मुरले पिपलबोटे हुदै मेहेलबोटे जोडिने सडक , खोपाङ्गे डाँडागाउँ सल्लेरी साप्सु सडक , सत्यहाङमा मावि देखि फेन्जेदोभान सडक | माँ सोनाशक्ती इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १८८६०९५। ४९ | १४९७०२४ | नभएको |
| १२ | सहिद पार्क सम्भाव्यता अध्ययन | वाई.वि. डिजाइनर एण्ड डेभलोपर्स प्रा. लि. | ४९९३९६। २१ | ४९५००० | नभएको |
| १३ | बतिसे झरना डिपिआर | पुर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ प्रा.लि. | ८००००० | ७, ९४ , ९९९.०० | नभएको |
| १४ | संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन निर्माण | राप्ति मेचि इन्जिनियरिङ कन्सल्टेन्सी | ५०००० | ४, ८७ , ३१२.०० | नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | गाउँपालिकाको प्रशासनिक भवन डि पि आर | मार्ग ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १५००००० | ७४८९०७ | भएको |
| | | जम्मा | | ९११६६५७ | |

६९ **वितरण भरपाई नभएको :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **पाइप खरिद, तथा मौज्दात :**

पालिकाले गो. भौ. नं. मिति ३७१-२०८१।०३।२४ पाइप तथा फिटिङ्ग/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी कितावमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गोल्डेन ट्रेड एण्ड सप्लायर्सबाट रु.९,३७,०४७।– मूल्यमा खरिद गरेका विभिन्न साइजका एच.डी.पी.ई पाइप खर्च नभई मौज्दात रहेको देखियो।कार्यालयले सम्बन्धित बर्षको बार्षिक कार्यक्रम अनुसार खरिद गरी मौज्दात नरहने गरी उपयोगको व्यवस्था मिलाउनु पर्दछ।

७१ **लिमिटेड दायित्व भएका संस्थालाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। जसबाट नाफा कमाउने उद्धेश्यले लिमिटेड दायित्व भएका संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले २ सहकारीको लागि बजेट व्यवस्था गरी यस वर्ष ल्यापटप, प्रिन्टर अनुदान दिएको देखियो । उक्त सहकारीहरुले गाउँपालिकासँग साझेदारी गरी कृषि प्रवर्द्धका कार्यक्रम समेत गरेको देखिएन।यद्यपि पालिकाले देहाय अनुसार रु.१९८२२६ मूल्यका ल्यापटप, प्रिन्टर अनुदान दिएको उपयुक्त देखिएन ।कृषि उत्पान र बजार प्रवर्द्धन तथा मूल्य आपूर्ति शृङ्खलामा योगदान पुग्ने भए मात्र अनुदान वितरण गरी त्यस्तो संस्था खारेज भएमा फिर्ता हुने वा आफुखुशी बेचविखन गर्न नपाउने गरी करार गरी शसर्त गरिनु पर्दछ। अन्यथा निश्चित नाफामुलक संस्थाको लागि बजेट व्यवस्था गरी वितरण गर्ने कार्यक्रममा नियन्त्रण गरी सीमित समूहमा नभई बढीभन्दा बढी लाभग्राहीको हित हुने कार्यमा मात्र खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनपर्दछ ।

| सि. नं | अनुदान दिएको संस्थाको नाम | अनुदानको किसिम | खर्च रकम रु. |
|---|---|---|---|
| १ | चिलिङदिन कृषि सहकारी संस्था लिमिटेड | ल्यापटप वितरण | ८६५०० |
| २ | चेसुङ कृषि सहकारी संस्था लिमिटेड | ल्यापटप तथा प्रिन्टर वितरण | १११७२६ |
| जम्मा | | | १९८२२६ |

७२ **पाइप जडान तथा नाप जाँच :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्य सम्पन्न गरेको कामको अन्तिम बिल भुक्तानी पश्चात कार्य स्वीकार प्रतिवेदन समेत तयार गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष खरिद भएका रु.४,३७,७३८।- मूल्यका एच.डी.पी.ई पाइप वडा नं ६ मा वितरण गरी भरपाइका आधारमा जिन्सीबाट खर्च जनाएको पाइयो।उल्लेखित साइजका पाइपहरु कुन योजनामा खर्च भएको हो सो खुल्ने प्राविधिक नापजाँच सहितको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु...

| गो. भौ . नं र मिति | आपूर्ति कर्ता | वितरण | रकम |
|---|---|---|---|
| ३७१- २०८१।०३।२४ | कोइराला स्टोर | विभिन्न साइजका पाइप खरिद गरी वडा नं ६ ले बुझेको देखिएको | २५०००० |
| ३४०- २०८१।०३।२० | गोदार सप्लायर्स | विभिन्न साइजका पाइप खरिद गरी वडा नं ६ ले बुझेको देखिएको | १८७७३८ |
| जम्मा | | | ४३७७३८ |

| प्रमाण पेश नगरेको | ४,३७,७३८ |
|---|---|

७३ **कार्यालय भबन निर्माण ५ नं वडाः**

५ नं वडा कार्यालय भबन निर्माण गर्न माई भगवती कन्स्ट्रक्शन प्रा.लि. सँग २०७९।१२।१४ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।०३।१२ मा रु.५२,०१,४७६।७६ (मुल्य अभिवृद्धि कर समेत) भुक्तानी गर्नेगरी सम्झौता गरेको देखिन्छ। उक्त निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न हुन नसकि म्याद थप गरी यस बर्ष तेस्रो तथा अन्तिम रनिङ विल रु. १९,२८,९१५।०० समेत जम्मा रु. ५२,३७,७३२।०० भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन।

७३.१ **एज विल्ड नक्सा :** ५ नं वडा कार्यालय भबन निर्माणको अन्तिम विल भुक्तानी गर्दा सम्झौताको जी.सी.सी. ७१.२ मा अन्तिम बिल भुक्तानी गर्दा एज विल्ड नक्सा पेश गर्नु पर्ने र पेश नगरेमा रु.१५,०००।०० भुक्तानी दिन नमिल्ने व्यवस्था छ ।पालिकाले गो.भौ. ११६-२०८१।०२।०४ बाट माई भगवती कन्स्ट्रकन प्रा.लिलाई एज विल्ड नक्सा पेश नगर्दा समेत रु.१५,०००।०० भुक्तानी गरेको देखियो। सम्झौताको पालना नगर्दा पनि भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १५,००० |
|---|---|

७३.२ **ल्याब टेष्ट बापतको भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं ११६-२०८१।०२।०४ बाट ५ नं वडा कार्यालय भबन निर्माणको कार्यको माई भगवती कन्स्ट्रकन प्रा.लिलाई अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समको ल्याब टेष्ट बापत रु.१०,०००।- भुक्तानी दिएकोमा उक्त ल्याब टेष्ट गरेको सक्कल कर बिजक र रिपोर्ट संलग्न नगरी भुक्तानी गरेको असुल गरिनुपर्ने रु....

| असुल गर्नुपर्ने | १०,००० |
|---|---|

७३.३ **सम्झौता अनुसारको अवधिमा पेश्की कट्टी :** कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको कन्डिसन आप कन्ट्र्याक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फस्यौंट गरी सक्नुपर्ने उल्लेख छ । पालिकाले शुरु सम्झौताको अन्तिम मिति २०७९।१२।१४ अगाबै पेश्की कट्टी गरी सक्नु पर्नेमा म्याद थप गरी शुरु सम्झौताको समय व्यथित भएको १ वर्ष पछाडी निर्माण व्यावसायीलाई दिएको पेश्की रु.१०,००,०००।- मध्ये कट्टी नभइ बाँकी रहेको पेश्की रु.६,००,०००।- मिति २०८१।०२।०४ मा अन्तिम बिल भुक्तानी गर्दा ढीलो गरी पेश्की कट्टी गरेको देखियो।सम्झौतामा उल्लेख भए अनुसार पेश्की कट्टा गरिनु पर्दछ ।

७४ **सम्झौता अनुसारको पुरै कार्य नगरी कार्य स्वीकार :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा निर्माण व्यावसायीले काम शुरु नगरेमा, शुरु गरी बीचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गर्नसक्ने र उपदफा ८ मा त्यसरी सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत गरी बाँकी काम सम्पन्न लाग्ने रकम यकिन गरी असुल गर्नुपर्ने व्यवस्था छ । संघीय सरकार हस्तान्तरित कार्यक्रमतर्फ प्रसुती केन्द्र सुदृढीकरण परियोजना अन्तर्गत पौवा सारताप र चिलिङदिन स्वास्थ्य चौकीको प्रसुती केन्द्र निर्माण कार्य गर्न रु.८४,०८,११२।८८ को लागत अनुमान स्वीकृत गरी चन्द्रज्योती निर्माण सेवासँग रु.६५,५७,५९२।०९ भ्याट सहितको २०८१।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति मिति २०८१ ।०२।१७ मा सम्झौता गरेको देखियो । करिब एक महिनामा

निर्माण कार्य गर्ने गरी सम्झौता भएको । उक्त निर्माण कार्यको पौवा सारतापतर्फ स्लाव ढलान र चिलिङदिन तर्फ प्लिन्थ लेभलसम्मको मात्र रु.२२,९०,५३७।- मूल्याङकन गरी फाइनल बिल भुक्तानी गरेको छ । कुल सम्झौता रकमको ६५.०७ प्रतिशत नै कार्य बाँकी राखि अन्तिम बिल जारी गरी कार्य स्वीकार गर्दा निर्मित संरचना उपयोग नभई अधुरो रहने तथा सम्झौताको शर्त पूरा नगर्ने निर्माण व्यावसायीलाई जिम्मेबार नबनाई कार्य स्वीकार गर्नु उपयुक्त देखिएन । ठेक्का प्रक्रिया ढिला थालनी गरी करिब १ महिनामा मात्र निर्माण कार्य गर्न प्राविधिक र व्यवहारिक रुपमा संभव नहुने अवस्थामा समेत पालिकाले सम्झौता गरी अधुरो निर्माण कार्य गराइ रु. २२९०५३७।०० भुक्तानी दिइ सुबिस्ताको आधारमा ठेक्का तोड्ने पर्याप्त र मनासिब कारण नदेखिएकोले उक्त कार्य नियमित नदेखिएको रु............

| | |
|---|---|
| अनियमित भएको | २२,९०,५३७ |

७५ **ढिला गरी प्रतिवेदन पेश :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ अनुसार कावु बाहिरको परिस्थितिले बाहेक तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । त्यस्तै गाउँपालिका र मार्ग इन्जिनियरिङ कन्सल्ट प्रा.लिबीच भएको सम्झौतामा ढिलो गरी प्रतिवेदन पेश गरेमा १० प्रतिशत नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ। गाउँपालिकाले ब्रिक कन्सल्ट प्रा.लिसँग गाउँपालिका प्रशासकीय भवनको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न १.५ महिना भित्र प्रतिवेदन बुझाउने गरी २०८०।१।२८ मा रु.१३,०६,५६२।- को सम्झौता गरेको देखियो।सम्झौता अनुसार २०८० असार १३ भित्र अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा ढिलो गरी २०८१ असार २४ गते प्रतिवेदन पेश गरेको भनि गत वर्ष भुक्तानी दिएको रु.७,४८,९०७।- पेश्की फर्स्यौट गरेको देखियो। सम्झौतामा प्रतिवेदन बुझाउनुपर्ने समय भन्दा १ वर्ष ढिला गरी प्रतिवेदन बुझाएको देखिएकाले सम्झौता शर्त अनुसार परामर्शदाताबाट सम्झौता रकमको १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु. १,१५,६२५।- असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,६२५ |

७६ **मूल्य अभिवृद्धि कर समायोजन :**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.५८,६२३।- राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु...

| गो. भौ . नं र मिति | आपूर्ति कर्त्ताको नाम | विजक नं. | मू.अ.कर दर्ता नम्बर | बिल रकम रु. | मू. अ . कर | ३०% रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | मू.अ.कर |
| ५५- २०८०।०९।२९ | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | GIS/00057 | ६०००01३०० | ९३७०४७ | १०९२५२ | ३२७७६ |
| ४०८- २०८०।०३।२४ | मार्ग इन्जिनियरिङ कन्स्ल्ट प्रा. लि | २ | ६०१४९२५०१ | ६६२७५० | ८६१५७.५ | २५८४७ |
| जम्मा | | | | | | ५८६२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,६२३ |

७७ **भेरिएशनः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियमम ११८ मा भेरिएशन आदेश जारी गर्दा प्राविधिक पुष्टाइँसमेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सम्पन्न गरेका तथा सञ्चालित अधिकांश योजनाहरुमा कार्यपालिकाबाट ४.८५ प्रतिशत देखि ९.२१ प्रतिशतको भेरिएशन जारी गरी योजना सञ्चालन गरेको पाइयो।अधिकांश योजनाहरुमा भेरिएशन स्वीकृत गरी कार्य गराएको कारण लागत र समय बढ्न गएको छ।सबै

जसो योजनाहरुमा भेरिएशन स्वीकृत गर्दा थप कार्य गर्नु परेको तथा परिमाण बढ्न गएको प्रमुख कारण जनाइ प्राविधिक पुष्टाइ वेगर कार्यपालिकाबाट स्वीकृत भएको देखियो । पालिकाले योजनाहरु कार्यान्वयन गर्दा थप व्यभार नपर्ने गरी लागत र समयलाई विचार गरी प्राविधिक पुष्टाइ हुने भरिएशन मात्र स्वीकृत गरी गुणस्तरीय ढंगले योजना सम्पन्न गरिनु पर्दछ ।यस वर्ष भेरिएशन स्वीकृत भई सम्पन्न भएका योजनाको उदाहरण देहाय अनुसार छन् ।

| सि.न. | आयोजनाको नाम | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता रकम | कार्यसम्पन्न गर्नुपर्ने मिति | भेरिएसन रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गेलीभञ्याङ चिलिङदिन फाक्तेप आङसराङ मेहेलबोटे सडक खण्ड स्तरोन्नती | गौडेनी निर्माण सेवा प्रा. लि. | १०१४११८० | ५६१५९०२ | ६६१८५ | ६१३२९२९ | ० |
| २ | श्री सिद्धदेवी मा.वि. खेलमैदान स्तरोन्नती | याङ्युङ निर्माण सेवा | ९७७१४९२ | ५६९५०५० | ६६१८५ | ५९९८९३७ | ० |
| ३ | पौवा सारताप र चिलिङदिन प्रसुति केन्द्र निर्माण | चन्द्र ज्योती निर्माण सेवा | ८४०८११३ | ६५५७५९२ | ६६१८५ | ७११६२८७ | ० |
| ४ | ५ नं. वडा कार्यालय भवन निर्माण | माई भगवती कन्स्ट्रक्सन प्रा. लि. | ६२६१७१२ | ५२०१४७७ | ६५९२७ | ५४५३९०५ | ५ |

७८ **पाँच शैय्याको अस्पताल**

गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत ५ शैय्याको अस्पताल निर्माणका लागि ठेक्का नं PRM/NCB/works-04/2077/78मार्फत निर्माण व्यवसायी जयमाता जिआरडी जेभी सँग रु ६,४६,३२,०३६।४९ (मूल्य अभिवृद्धी कर समेत) मा १८ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।२३ मा सम्झौता भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

७८.१ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०७९।९।२२ मा सम्पन्न गर्नुपर्नेमा पटक- पटक गरी २०८१।९।२२ सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायीले चौथो र पाँचौ बील रु.८७,०६,१८१।- समेत जम्मा रु.४,२०,११,३६३।- (मुअकर समेत) भुक्तानी गरी पटक पटको म्याद थप पश्चातको निर्माण कार्य समाप्त हुने अवधि सम्म करिव ६५ प्रतिशत वित्तीय तथा ७० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । सम्झौता वमोजिम लेखापरीक्षण अवधिमा सम्झौता वमोजिमको समयावधि समाप्त हुन करिव तीन महिना बाँकी रहेको साथै निर्माण व्यवसायीलाई विगत वर्षमा प्रदान गरेको मोविलाईजेशन पेश्की मध्ये फर्स्यौट हुन वाँकी पेश्की रु २१,००,०००।- रहेको देखिएकाले कानुनको अधिनमा रहि निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

७८.२ **सम्झौताको अवधिमा पेश्की कट्टी नगरेको** : कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको कन्डिसन अफ कन्ट्रयाक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्स्यौट गरी सक्नुपर्ने उल्लेख छ । पालिकाले मा १८ महिना अर्थात २०७९।०९।२३ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।२३ मा सम्झौता भएको देखियो। शुरु सम्झौताको १.५ वर्ष व्यतित भएको अवस्थामा समेत निर्माण व्यावसायीलाई दिएको पेश्की कट्टी नभइ रु.२१,००,०००।०० बाँकी देखिएकाले सम्झौताको शर्त अनुसार ब्याज समेत हिसाब गरी असुल गरिनु पर्दछ ।यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा असुल गर्न दिइएको सुझाब समेत कार्यान्वियन भएको छैन।

७८.३

**म्याद थप :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने व्यवस्था छ।पालिकाले तोकिएको समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यावसायीलाई चौथो पटक समेत गरी २०८१।०९।२२ सम्म म्याद थप गरेको छ ।यस वर्ष यस निर्माण कार्यको लागि रु.३ करोड ३६ लाख बजेट ब्यवस्था भएकोमा रु.८७ लाख ६ हजार खर्च गरी रु.२ करोड ४९ लाख बजेट फ्रिज हुन गएको छ।यथेस्ट बजेटको ब्यवस्था र पटक- पटक म्याद थप गर्दा समेत भौतिक प्रगति करिव ७० प्रतिशत रहेको अवस्थाले निर्माण व्यावसायीले निर्माण कार्यमा ढिलाई गरेको अवस्था छ । निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेको देखिएकाले थपिएको अवधिमा समेत कार्य सम्पन्न हुन नसके सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति समेत असुल गरी बाँकी कार्य सम्पन्न गराउनु पर्दछ ।

७८.४ **भवनको स्थलगत अनुगमनः** निर्माण कार्यस्थलको लेखापरीक्षण टोली र कार्यालयको व्यवस्थापन टोलीले मिति २०८१।०५।२० गते स्थलगत अनुगमन गर्दा हाल निर्माण व्यवसायी साइटमा मोविलाइज भएतापनी निर्माण स्थलमा २ जना मात्र जनशक्ति रहेको देखियो। सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न नभई पटक - पटक म्याद थप हुँदा समेत कार्यतालिका बमोजिम कार्य नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गरी सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।





**निर्माणाधिन भबनको अवस्था**

निर्माण स्थलको स्थलगत अवलोकनबाट भवनमा वाइरिङ तथा आल्मुनियम पार्टेसनको कार्य हुँदै गरेको देखियो।निर्माण व्यावसायीले कामदारलाई पूर्ण रुपमा परिचालन गरेको अवस्था देखिएन।जसले गर्दा निर्माण कार्यमा ढिलाइ भएको अवस्था छ ।तोकिए बमोजिम समयमै निर्माण कार्य सम्पन्न हुनुपर्छ

७९ **घटी कर कट्टाः**

आयकर ऐन २०५८, को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले किसान सूचीकरण गरेबापत भुक्तानी निम्नानुसारको घटी कर कट्टा गरेको पाइयो । घटी कर कट्टा रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| सिनं | गो. भौ . नं . र मिति | कर्मचारीको नाम | रकम | कर कट्टा | घट्टी कट्टा |
|---|---|---|---|---|---|
| १ | ६४८-२०८१।०३।२० | कमला तिमिल्सेना | २१६०० | २१६ | ३०२४ |
| २ | ६४८-२०८१।०३।२० | विष्णुमाया तामाङ्ग | ११२५० | ११२ | १५७६ |
| | | जम्मा | | | ४६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६०० |

८० **जिन्सी दाखिलाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३६६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८१ **किसान सूचीकरणः**

किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम प्रत्येक स्थानीय तहले किसान सूचीकरण गर्नुपर्ने साथै उक्त अभिलेख स्थानीय तहको वडा समिति मार्फत प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ मा पालिका भित्रका ३२९ घरधुरी सूचीकरण गरे वापत भौनं मिति ६४८-२०८१।०३।२० बाट रु ३२,८५०।- भुक्तानी गरेको देखिन्छ तर लेखापरीक्षणको अवधिसम्म पनि उक्त अभिलेख प्रमाणिकरण गरेको नदेखिएकोले वडा समिति निर्माण गरी अभिलेख प्रमाणिकरण गर्नु पर्दछ ।

८२ **शीर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा रहेर गर्नुपर्दछ र खर्च गर्न बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले फरक शीर्षकबाट निम्नानुसारको रु ४,०३,७५७।- खर्च गरेकोमा जुन शीर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शीर्षकबाट खर्च लेखि भुक्तानी गरेको देखिएकाले यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु.

| क्रस | भौ नं मिति | विनियोजन शीर्षक।कार्यक्रम | खर्च गरेको शीर्षक | रकम |
|---|---|---|---|---|
| १ | १७२।२०८०।०७।२४ | रोजगार संयोजकको स्थानीय भत्ता ( २११३१ ) | दैनिक भ्रमण भत्ता (विचार सिह लावति र राजन रम्तेल ( २२६१२ ) | ४६१०० |
| २ | १४८।२०८०।०७।०१ | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | स्टेशनरी सामग्री ( २२३११ ) | १४७१८२ |
| ३ | २३७।२०८०।०९।२५ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | ३८२६८ |
| ४ | २९१।२०८०।११।९ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | ३८२६८ |
| ५ | २८८।२०८०।११।३० | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | ३८२६८ |
| ६ | ३४२।२०८०।१२।२६ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | ३८२६८ |
| ७ | ४३२।२०८०।१२।२६ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | १९१३४ |
| ८ | ५३९।२०८१।०३।०२ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | १९१३४ |
| ९ | ५५४।२०८१।०३।११ | स्थानीय तहका स्वास्थ्य शाखाका दरवन्दीका कर्मचारीको तलव भत्ता ( २११११ ) | मातृ तथा नवजात शिशु कार्यक्रम ( २२५२२ ) | १९१३४ |
| | | जम्मा | | ४,०३,७५६ |
| | | | अनियमित भएको | ४,०३,७५६ |

८३ **नन्फाइलरः**

मूल्य अभिबृद्धि कर ऐन, २०५३ को दफा १९(१) अनुसार करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको पच्चिस दिनभित्र बुझाउनुपर्ने उल्लेख छ । पालिकाले आर्थिक बर्ष २०८०।८१ मा एन.एस.कलेज अफ सफ्टवेयर एण्ड हार्डवेयर इन्जिनियरिङ्ग प्रा.लि लाई विभिन्न तालिम संचालन बापत पालिकाले भुक्तानी गरेको मूल्य अभिबृद्धि कर रकम उक्त कम्पनिले दाखिला गरेको नदेखिएकोले कर समायोजन पत्र माग गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौनं र मिति | आपुर्तिकर्ता | नन्फाइलर मिति | | भ्याट नं | कर योग्य रकम | मू अ कर | कट्ट | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| ६०९।२०८१।३।१९ | एन.एस.कलेज अफ सफ्टवेयर | २०८०।T ।२। | | ३०५२६०००८ | ५४५१३२ | ७०८६७ | २१२६० | ४९६०६ |
| | | जम्मा | | | | | | ४९६०६ |
| | | | | | | | प्रमाण पेश नगरेको | ४९,६०६ |

८४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम

व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ६२ योजना सञ्चालन गरी यस वर्ष १०४ जनालाई औसत ७४ दिनले ७६७१ दिन रोजगारी उपलव्ध गराई रु ६०,५२,०००।÷ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| क्रस | आयोजनाको क्षेत्र | आयोजना संख्या | जम्मा लागत रकम | लाभग्राहिको संख्या | कुल रोजगार दिन |
|---|---|---|---|---|---|
| १ | सडक सोलिङ | ४३ | ४१०४००० | ७० | ५०५१ |
| २ | गोरेटो वाटो मर्मत | १८ | १९२३००० | ३३ | २५८२ |
| ३ | खानेपानी मर्मत | १ | २५००० | १ | ३८ |
| | जम्मा | ६२ | ६०५२००० | १०४ | ७६७१ |

८५ **सामुदायिक वनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

८६ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन कार्यक्रमकोसार्वजनिक परीक्षण, सामाजिक परीक्षण अन्तर्गत तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

८७ **सामाजिक सुरक्षाः**

यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न अनुसार छन्ः

८७.१ **लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मुल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मूल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन। मूल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ

८७.२ **सामाजिक सुरक्षा भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **३,५११,६४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ (३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची -११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गर्दा पालिकाले बैङ्कसंग अनुसूची ११ बमोजिमको ढाँचामा विवरण माग नगरेको कारण KYC अध्यावधिक नभएका लाभग्राहीको खातामा गत विगत बर्षदेखि रकम जम्मा भई लाभग्राहीको खातामा मौज्दात रहेको पाईयो । कार्यविधिको पालना नगर्नु यसको कारण हो । यसबाट बैङ्कमा रकम जम्मा भएर निस्कृय भएर बस्ने देखिन्छ ।अत : पालिकाले अन्तर्गतका सम्पूण लाभग्राहीको अवस्थ यकिन गरी आवश्यक्ता अनुसार लगत कट्टा गरी बैङ्कमा भएको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ भनि कायम भएको सम्वन्धमा पालिकाले KYC अध्यावधिक नगरेको ५३ जनाको खातामा रहेको रु.३५,११,६४३।- मध्ये रु.१,२१,२७५।५४ सम्बन्धित व्यक्तिको KYC अध्यावधिक गरी फिर्ता लिएको तथा KYC अध्यावधिक नगर्नेहरुको खातामा रहेको रु.३०,०७,५८०।- संघीय सञ्चित कोषमा फिर्ता भएको प्रमाण पेश भएको छ। वैङ्कवाट प्राप्त विवरण अनुसार KYC अध्यावधिक नगर्ने व्यक्तिको खातामा व्याज वापतको रु.३,८२,७८७।५१ बाँकी देखिएकोले उक्त रकम समेत संघीय संञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ३,८२,७८७.५१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : फाल्गुनन्द गाउँपालिका, पाँचथर , फाल्गुनन्द गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Devi Tumbapo | २०८१-७-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चन्द्र वहादुर सुब्बा | २०७४-६-१९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३१२,८९३ | २९,०५८,४९७ | २१,७०९,७६० | ० | १,०३५,००० | ११,१२५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५३,१२७,२७५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १५,५२३,५०८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ३८२,७८७.५१ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३७,९८६,५५४.५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १४९०८६१२.६२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६८९११४४१.३ | चालु खर्च | ४४१३९६७८६.३ |
| प्रदेश सरकारबाट अनुदान | २८७१६५५९ | पूँजीगत खर्च | १२९७५५९४० |
| राजश्व बाँडफाँट | ७४०१८६२७.०४ | वित्तीय/अन्य व्यवस्था | २३००८०८.० |
| आन्तरिक आय | ७९१०८३८.०३ | | |
| अन्य आय | ५३६४७३९.२३ | | |
| कुल आय | ५८४९२२२०४.६ | कुल खर्च | ५७३४५३५३४.३ |
| बाँकी मौज्दात | | २६३७७२८२.९२ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।